लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
# नयाँ विमर्श
Naya Bimarsha Weekly

वर्ष १७, अंक ३६, २०८१ वैशाख १४ गते शुक्रबार (April 26, 2024) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रु. १०।- website: www.nayabimarsha.com

## हुलाकी सडकका मूल ‘रेड जोन’मा



काठमाडौं/ उपप्रधान तथा भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठले गत हप्ता अस्वाभाविक ढंगले चारजना प्राविधिक सहसचिव (सुई) हरुको सरुवा गरेपछि सुइहरुको मुटुमा ढ्याँग्रो ठोकेको छ।

सरुवा भएका सुइहरुमा मदन भण्डारी सडक आयोजनाका प्रमुख बेलबहादुर भुजेल-मन्त्रालयको जलमार्ग महाशाखा, उक्त महाशाखाका दीप बराही मदन भण्डारी सडक आयोजनाको प्रमुख, संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय पोखरामा कार्यरत शुभराज न्यौपाने सडक सुधार तथा विकास आयोजना (आरआईडीपी) र आइआरडीपीमा कार्यरत नरेन्द्र सुवेदीलाई न्यौपानेको ठाउँमा पोखरा सरुवा गरिएको छ। यसैगरी केही सिडिइहरुको पनि सरुवा भएको छ। जसमा रेल तथा मेट्रो आयोजना सर्लाहीमा कार्यरत सन्तोष कर्ण सडक विभाग, रेल तथा (बाँकी ७ पृष्ठमा)

# उपचुनावको नतिजाको पर्खाइ

## ■ मतदातामा उत्साह ■ दलहरु सोचमग्न



Dambar Khadka (Nepali Congress) | Suhang Nemwang (CPN-UML) | Dakendra Thegim (Independent) | Milan Limbu (RSP)

भक्तपुर/ भोलि अर्थात् शनिबार उपनिर्वाचन हुने भएको छ। इलामको क्षेत्र नं.२ मा प्रतिनिधिसभा तथा बझाङमा प्रदेशसभाको लागि उपनिर्वाचन हुने भएको हो। यी क्षेत्रहरुमा हुने निर्वाचनको सम्पूर्ण तयारी भैसकेको निर्वाचन आयोगले जनाएको छ। यसैगरी शान्तिसुरक्षा लगायतको सम्पूर्ण तयारी भैसकेको भनी स्थानीय प्रशासनहरुले जनाएका छन्। भोलि हुने उपनिर्वाचनको मौन अवधि अहिले चलिरहेको छ। यस अवधिमा कुनै पनि उम्मेदवारले वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्न नपाइने कानूनी व्यवस्था छ। यो अवस्थामा भोलि हुने निर्वाचनको तयारीमा दलहरु लागि परेका छन्। यो मौन अवधिमा दलहरुले मतदातालाई प्रभाव पार्ने गरी कुनै पनि किसिमका गतिविधिहरु गर्न भने पाउने छैनन्। यही अवधिमा कतिपय स्थानहरुमा प्रतिवन्धित गतिविधिहरु हुने तथा सत्तारुढ दलहरुले सत्ताको दुरुपयोग गरी मतदातालाई आफ्नो पक्षमा पार्ने भन्ने खालका कुरा हुने भनी आशंका पनि उत्पन्न हुने गर्दछ।

बैशाख १५ गते हुने यी उपनिर्वाचनलाई लिएर विभिन्न किसिमका टिप्पणीहरु भइरहेका छन्। यसक्रममा इलामको निर्वाचनलाई लिएर दलहरुले प्रतिष्ठाको विषय बनाएका छन्। यो निर्वाचन क्षेत्रबाट नेकपा (एमाले) का उपाध्यक्ष तथा प्रभावशाली नेता सुभाषचन्द्र नेम्वाङ निर्वाचित हुँदै आएका थिए। गत निर्वाचनमा विजयी भएका नेम्वाङको गत भदौमा निधन भएकाले सो क्षेत्रमा उपचुनाव हुन लागेको हो।

नेम्वाङले जित्दै आएको उक्त क्षेत्रमा यसअघि नेपाली कांग्रेसका उम्मेदरवार डम्बरबहादुर खड्काले कडा टक्कर दिएका थिए। उनीहरुका बीचमा एक सय १४ मतान्तरले मात्र नतिजाको छिनोफानो भएको थियो। उक्त नतिजालाई लिएर अदालतमा मुद्दा परी विचाराधीनको अवस्थामा रहिरहेकै अवस्थामा उपचुनाव हुन गैरहेको छ। त्यसैले पनि यो निर्वाचनको परिणाम के कस्तो आउने हो र त्यसले मुलुकको राजनीतिलाई कसरी अघि बढाउने हो भन्ने कुरालाई केही मात्रामा भए पनि निर्धारण गर्ने भनी बौद्धिक वर्गमा चर्चा चलिरहेको छ।

इलामको उपचुनावलाई लिएर मुख्य दलहरुले आ-आफ्नै किसिमको प्रतिष्ठाको विषय बनाएका छन्। कांग्रेसले अघिल्लो निर्वाचनमा आफ्नो उम्मेदवार एक सय १४ मतान्तरले मात्र उपविजेता बनेकाले अहिले विजेता बन्नुपर्ने कुरालाई आफ्नो प्रतिष्ठाको विषय बनाएको छ। यसैगरी कांग्रेसका उम्मेदवार खड्काले आफूलाई सो क्षेत्रमा भिजेको तथा परिपक्क उम्मेदवारको रुपमा प्रस्तुत गर्दै आएका छन्। उनी इलाममा पहिचानवादीहरुको मुद्दालाई समेत चिरेर अघि बढ्नुपर्ने अवस्थामा छन्।

यस्तै, कांग्रेसले यसलाई अर्को रुपमा पनि प्रतिष्ठाको विषय बनाएको छ। त्यो के भने कुनै पनि निर्वाचनभन्दा पहिले (बाँकी ७ पृष्ठमा)

## अर्थसचिवमा मधु, कृष्णहरि बाहिरिए

काठमाडौं/ गत बैशाख १० गते बसेको मन्त्रिपरिषद् बैठकले अर्थ मन्त्रालयको सचिवमा मधुकुमार मरासिनीलाई सरुवा गर्ने निर्णय गरेको छ। पेमेन्ट गेटवे अनियमितता प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सचिव मरासिनीलाई गत २०८० असोज १५ गते विशेष अदालतमा मुद्दा दायर गरेपछि निलम्बनमा परेका थिए।



बैशाख १० गते अर्थमन्त्रालयमा पद बहाली गरेका सचिव मरासिनीलाई स्वागत र कृष्णहरि पुष्करलाई अर्थमन्त्री, राजश्व सचिव लगायतले स्वागत तथा विदाई गरेको अर्थमन्त्रालय श्रोतले बताएको छ। तात्कालिन अर्थमन्त्री एवं माओवादी केन्द्रका सांसद जनार्दन शर्माको पालामा बजेट प्रकरणपछि सचिव मरासिनी प्रधानमन्त्री कार्यालयमा सरुवा भएका थिए। त्यसपछि वाणिज्य सचिवमा कार्यरत रहँदाकै अवस्थामा मरासिनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको लफडामा परी नखाएको विष लागेको थियो। (बाँकी ७ पृष्ठमा)

## गठबन्धन लर्खराएको नेपालको स्पष्टोक्ति



काठमाडौ/ नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले वर्तमान पाँच दलीय गठबन्धनको सत्ता लर्खराउन थालेकोले आशंका व्यक्त गरेका छन्। पाँचदलीय गठबन्धनमा नेकपा (एमाले) अध्यक्ष खड्गप्रसाद शर्मा ओली हावी भएकाले र एकलौटी गर्दै अघि बढेकाले अध्यक्ष नेपालले गठबन्धन लामो समय जानेमा आशंका व्यक्त गरेका छन्।

गत बैशाख १० गते नरबहादुर कर्माचार्यको तेश्रो वार्षिक केन्द्रीय सभालाई सम्बोधन गर्दै उक्त कुरा बताएका हुन्। आफूले चाहे वर्तमान सत्ता उथलपुथल गर्न सक्ने बताएका अध्यक्ष नेपालले एमाले अध्यक्ष ओलीप्रति लक्षित गर्दै आफूहरु कसैको गालीगलौज र खिसीटिउँरी सहनका लागि नजन्मेको भन्दै कसैको दास पनि नबन्ने बताएका छन्। अध्यक्ष नेपाल पछिल्लो समय सत्ता गठबन्धनमा गरिएका सहमति कार्यान्वयन नगरिएपछि असन्तुष्ट बन्दै आएका छन्। (बाँकी ७ पृष्ठमा)

## काँग्रेस-एमाले सरकार बनाउन कसरत



काठमाडौं/ गत २०८० फागुन २१ गते सत्ता-समीकरण फेरिएर बनेको पाँच दलीय गठबन्धनको सरकार दुई महिना नपुग्दै धरापमा पर्ने सम्भावना बढेर गएको छ।

नयाँ समीकरणका लागि नेपाली काँग्रेस र नेकपा (एमाले) मिलेर सरकार बनाउने कसरत भैरहेको राजनीतिक वृत्तमा चर्चा चलेको छ। काँग्रेस र एमाले २०४६ सालका सहयात्री दल हुन्। यिनकै आन्दोलनका कारण २०४६ सालमा बहुदल आएको थियो। २०४६ सालदेखि नै काँग्रेस र एमाले मिलेर गएको भए देशमा राजनीतिक अस्थिरता आउने थिएन र सानातिना राजनीतिक दलहरुको उदय पनि पानीको फोकाजस्तै बन्ने थियो भन्नेहरुको जमात ठूलो छ।

काँग्रेस-एमालेको सत्ता स्वार्थका कारण बहुदल आएको ३५ वर्षमा व्यवस्था परिवर्तन भए पनि जनताको अवस्था परिवर्तन नभएकोले जनताले परिवर्तन खोज्न थालेको जानकारहरुले बताएका छन्। भोलि हुने इलाम-२ को निर्वाचनपछि काँग्रेस र एमालेबीच सत्ता समीकरणका लागि थप कसरत गर्ने कांग्रेसका वरिष्ठ नेता शेखर कोइरालाले बताएका छन्। कुनै नाटकीय परिवर्तन नभए आगामी जेठ १५ मा ल्याइने बजेट आसपास काँग्रेस र एमालेबीच नयाँ सत्ता समीकरण बन्ने सम्भावना बढेर गएको श्रोतले बताएको छ। (बाँकी ७ पृष्ठमा)

## कांग्रेसको एक सांसद थपिए

ललितपुर/प्रतिनिधिसभाको सांसदमा नेपाली कांग्रेसका एकजना सांसदथपिन पुगेका छन्। त्यसो त गत निर्वाचनमा निर्वाचित भएर पनि अदालतमा मुद्दा विचाराधीन अवस्थामा रहेका सांसद टेकबहादुर गुरुङ अब भने संसदमा क्रियाशील हुन पाउने भएका हुन्।

आफ्नो निलम्बन फुकुवा गर्न माग गरी रिट दायर गरेका गुरुङको पक्षमा सर्वोच्च अदालतले फैसला गरेपछि उनलाई संसदको बाटो खुलेको हो। संसदमा महासचिव पद्मप्रसाद पाण्डेयले बुधबार सूचना जारी गर्दै सर्वोच्चको आदेशअनुसार निलम्बन फुकुवा गरेको सूचनाजारी गरेपछि अब (बाँकी ७ पृष्ठमा)

## रेशमको मुद्दाको पेशी आज

काठमाडौं। नागरिक उन्मुक्ति पार्टी (नाउपा) मा देखिएको विवादले सो दलका मुख्य आकर्षण मानिएका रेशम चौधरीमाथि विभिन्न प्रश्नहरु उठेको छ। उनकै दल नाउपाका संस्थापक अध्यक्ष एवं पूर्वमन्त्री रञ्जिता श्रेष्ठले रेशम चौधरी पार्टीको साधारण सदस्य समेत बन्न नसक्ने जिकिर गरी सर्वोच्च अदालतमा लिखित जवाफ पठाएपछि विभिन्न प्रश्नहरुको सामना रेशम चौधरीले गर्नुपरेको छ।



श्रेष्ठले पठाएको लिखित जवाफमा दलको विधानमा ‘जेलमा गएर सदस्यता दिने अवस्था नरहेको’ भन्दै उनले चौधरीलाई दलबाट सदस्य नबनाइएको दाबी गरेकी छिन्।श्रेष्ठले पार्टीको विधानमा ‘नैतिक पतन देखिने अभियोगमा दोषी ठहर भएको व्यक्ति पार्टीको सदस्य हुन नसक्ने’ व्यवस्था रहेको भन्दै चौधरीलाई पनि नागरिक उन्मुक्ति पार्टीको सदस्य बन्ने सुविधा नभएको दाबी गरेपछि यो विषयलाई अदालतले (बाँकी ७ पृष्ठमा)

## सरकारी धनमा कर्मचारीको मोज

### प्रसङ्गवश
अनुषा थापा



बैशाख लागेसँगै विवाह, ब्रतबन्धलगायतका शुभकार्य गर्ने क्रम ह्वात्तै बढेको छ। यस्ता कार्यक्रमको आयोजना गर्न पार्टी प्यालेसलाई भ्याइनभ्याइ हुन्छ। सरकारी कर्मचारीहरु पनि परिवारसहित कार्यक्रममा उपस्थित हुन्छन्। रोचक कुरा त के भने, उनीहरु सरकारी गाडी लिएरै कार्यक्रममा आउँछन्।

भोज खान जान पनि सरकारी गाडीको प्रयोग गर्न थालिएको छ। सरकारी गाडीको दुरुपयोग नौलो कुरा त होइन। सरोकारवाला निकायको यसतर्फ ध्यान नजाँदा सरकारी गाडीको दुरुपयोग झनै बढेको छ। अझ कतिपय राजनीतिक दलका नेता र सरकारी कर्मचारीले सेतो नम्बर प्लेट हटाएर रातो राखेका छन्।

आफ्नो निजीजस्तै गरेर जता मनलाग्दो त्यतै गाडी लिएर पुग्छन्। सरकारी गाडी जनताले तिरेको करबाट खरिद गरिएको हो। एउटा गाडीको तीन लाखदेखि २५ करोड रुपियाँसम्म परेको छ। ती गाडी चलाउनका लागि चालक पनि सरकारबाटै दिइएको छ। इन्धन, मर्मतसम्भार खर्च सबै सरकारले व्यहोर्छ।

यो जनताले तिरेको कर हो। सार्वजनिक बिदाको दिन र निजी प्रयोजनका लागि सरकारी गाडी प्रयोग गर्न पाइँदैन भनेर कानूनमा स्पष्ट लेखेको छ। कानून कार्यान्वयन गर्ने गृह मन्त्रालय हो। वर्तमान गृहमन्त्रीमा रवि लामिछाने छन्। उनी मतलबै गर्दैनन्। बिदाको दिन र बिहानबेलुका सरकारी गाडी चलाउनेलाई कारबाही गर्नु भनेर गृहले ७७ जिल्लाका प्रजिअलाई पत्राचार गरेको छैन।

सरकारी गाडी लिएर माछामासु किन्न पुगेको देखिन्छ। रासन लिन जान पनि सरकारी गाडी। छोराछोरी विद्यालय पुऱ्याउन पनि सरकारी गाडीकै प्रयोग। सरकारी गाडी कर्मचारीको निजीजस्तै भएको छ। जता मनलाग्यो त्यता लगेको छ। कार्यालय समयबाहेक ती गाडी चलाउन पाइँदैन। तैपनि खुलेआम चलाइरहेका हुन्छन् यद्यपि कारबाही हुँदैन। आफन्तलाई गाडी सिकाउन पऱ्यो भनेपनि सरकारी गाडी। सरोकारवाला निकायले आँखा चिम्लिँदा सरकारी कर्मचारी र चालकलाई मोज भएको छ। मुलुकभर कति सरकारी गाडी छन् ? ती गाडी कुन अवस्थामा छ ? एउटा कर्मचारीले कतिवटा गाडी फेरे ? सरकारसँग तथ्याङ्क छैन।

सार्वजनिक बिदाको दिन सरकारी गाडी हुइँकिरहेको देखिन्छ तर ट्राफिक प्रहरीले ती गाडीलाई समात्ने, पास चेकजाँच गर्ने केही पनि गर्दैनन्। टुलुटुलु (बाँकी ७ पृष्ठमा)

खानेपानी
नेपाल संस्थान
२०४६

नेपाल खानेपानी संस्थान
कृष्णनगर शाखाको अनुरोध
खानेपानी महसुल नियमित रुपमा तिरी अतिरिक्त जरिवानाबाट बचौं।
– कार्यालय प्रमुख, कृष्णनगर

# नेता र जनताबीच जनमैत्री सम्वन्ध जरूरी

*हाम्रा नेता नेतृत्वले के बुझ्नु जरुरी छ भने समाजमा देखिनेगरी परिवर्तन गर्नसक्ने कोही छ भने ती जनता नै हुन्। यही धारणाले नै आज चीन माहाशक्ति राष्ट्रका रूपमा आउन लागेको मानिन्छ। चीनमा जनतासँग नजिक रहेर राजनीतिक परामर्श गर्ने प्रयोजनार्थ क्रियाशील संयन्त्रका रूपमा 'सीपीपीसीसी' भन्ने रहेको छ। जसले जनतासँग हरेक दुई सातामा एकपटक महत्वपूर्ण विषयमा सरोकारवालाबीच प्रश्नोत्तर र विचार आदानप्रदान गर्ने गर्छ र जनताबीच सरकारको छवि कस्तो रहेछ भन्ने 'दयगत राम्रोसँग जानकारी लिन्छ।*

पुष्कर‍राज प्रसाई

आजकाल नेता र जनताबीचको सम्बन्ध बिग्रिएको अवस्था छ। राज्य र नेतासँग जनताले विभिन्न अपेक्षा राखेका हुन्छन्। त्यसका लागि नेतासँग जनताले सहज तरिकाले भेट्न गुनासो राख्न पाउनुपर्छ। मानवकल्याण एवं नागरिकको हितका लागि निरन्तर लागिपर्ने इमानदार नेताले मात्र ऐतिहासिक जिम्मेवारी पूरा गर्न सक्छ भन्ने आजको मान्यता हो। यसै सन्दर्भमा हाम्रो पूर्वीय भनाइ रहेको छ, 'जनतासँग जाउ, उनीहरूसँगै बस, उनीहरूसँगै सिक, उनीहरूलाई माया गर, उनीहरूलाई जे थाहा छ, त्यसैबाट कार्य प्रारम्भ गर, उनीहरूसँग भएको पहिलेको क्षमता र सम्भावनामा क्रमशः सुधार ल्याउँदै जाउ।' सबभन्दा राम्रो नेतृत्व क्षमता त्यतिबेला देखिन्छ, जब अगाडि बढाएको काम सम्पन्न हुन्छ। अनि ती जनताले भन्नेछन्, 'यो काम त हामी आफैंले गरेका हौं।' यसरी जब सम्पन्न कामको स्वामित्व जनताले लिन्छन्, तब त्यसबेला परिआएका व्यवधानसँग मुकाबिला पनि उनीहरूले नै गर्छन् र असल परिणाम निस्कन्छ। तसर्थ, हरेक कामको सफल र दिगोपनका लागि जनमैत्री कार्यशैली संस्कार राज्य तथा नेताले अपनाउन जरुरी छ। यसै सन्दर्भमा यो आलेख तयार गरिएको छ।

समयसमयमा जनतालाई केन्द्रमा राखी विकास र परिवर्तनको विषय उठान गर्ने विभिन्न विद्वान बुद्धिजीविहरू चर्चामा आउने गरेका छन्। जस्तै, डुडलिसिर्स भन्छन्, 'विकासको मापन, सम्पन्न भएका कामबाट जनतालाई के कति फाइदा हुनसक्यो भन्ने कोणबाट गरिनुपर्छ।' यसरी विश्लेषण गर्दा यदि त्यो विकासवाट गरिबी बेरोजगारी र असमानता घटिरहेको छ भने त्यो विकास हो भन्ने मान्नुपर्छ भन्ने बुझिन्छ। यस अवधारणाको सफल प्रयोगका रूपमा बंगलादेशका मोहम्मद युनुसले प्रयोगमा ल्याएको लघुवित्तको '३स' को मोडल अर्थात् सानो पुँजी, समूह र सीपको संयोजनलाई सघाउने ग्रामीण बैंकलाई लिन सकिन्छ। वास्तवमा जनमैत्री विकास मोडलको सिद्धान्तका रूपमा खासगरी सहभागिता, समावेशी, मानवअधिकार, दिगोपन, क्षमताविकास र सशक्तीकरण रहेको मानिन्छ।

यसको व्यावहारिक प्रयोगबाट सर्वसाधारण जनताहरू स्वतःफुर्त रूपमा क्रियाशील हुने र व्यक्तिगत या सामूहिक स्तरमा समेत विकासको स्वामित्व लिने अवस्थाको विकास हुने गर्छ। हरेक काममा सहभागिता जुटाउने एवं त्यस कामसँग सम्बद्ध सबै छरछिमेकलाई समेट्ने, उनीहरूलाई सम्मानपूर्वक जिम्मेवारी दिने, उनीहरूको भूमिकालाई सम्मान गर्ने शैली, संस्कारले नै गरिएका कामको दिगोपना र प्रभावकारिता बढाउनसक्छ भन्ने मान्यता जनमैत्री सिद्धान्तले राख्छ। हामीले कार्यकर्ता वा जनतालाई सेवाग्राहीका रूपमा वा कुनै चिज माग गर्ने पक्षका रूपमा मात्र लिने गर्नुहुँदैन। विकास वा आफ्नो संगठनको मुख्य सरोकारका रूपमा सम्भावना, सिर्जनशीलता र नवप्रवर्तनको मूल आधारका रूपमा काम गर्ने जिम्मेवार व्यक्ति भनेर पहिचान गरिनुपर्छ। नागरिकलाई कहिले पनि अदृश्य शक्तिका रूपमा नराखी सबैले देख्ने र प्रयोगमा आउनसक्ने स्रोतका रूपमा हेरिनुपर्छ।

हाम्रा नेता नेतृत्वले के बुझ्नु जरुरी छ भने समाजमा देखिनेगरी परिवर्तन गर्नसक्ने कोही छ भने ती जनता नै हुन्। यही धारणाले नै आज चीन माहाशक्ति राष्ट्रका रूपमा आउन लागेको मानिन्छ। चीनमा जनतासँग नजिक रहेर राजनीतिक परामर्श गर्ने प्रयोजनार्थ क्रियाशील संयन्त्रका रूपमा 'सीपीपीसीसी' भन्ने रहेको छ। जसले जनतासँग हरेक दुई सातामा एकपटक महत्वपूर्ण विषयमा सरोकारवालाबीच प्रश्नोत्तर र विचार आदानप्रदान गर्ने गर्छ र जनताबीच सरकारको छवि कस्तो रहेछ भन्ने 'दयगत राम्रोसँग जानकारी लिन्छ। तदनुरूपमा आफूलाई जनतासँग नजिक बनाउँदै आफूलाई सच्याउने काम गर्छ। यस प्रक्रियालाई जनता र सरकारबीचको सम्बन्धलाई दीर्घायु प्रदान गर्ने एउटा अजम्बरीको बुटि नै भन्नुपर्छ। यसले दिने सन्देश भनेको मानवकल्याण एवं मुलुकवासीको हितका लागि निरन्तर लागिपर्ने र जनतासँग प्रत्यक्ष सामीप्यता राख्ने इमानदार नेताले मात्र ऐतिहासिक जिम्मेवारी पूरा गर्न सक्छ भन्ने नै हो।

तर, हाम्रो मुलुकमा यो स्तरमा राज्य र जनताबीचको सम्बन्ध राख्न चाहेको देखिँदैन। भर्खरै हाम्रो संसद्बाट विद्युत् ग्रिडसम्बन्धी मुख्य कार्यालय भारतमा राख्नेगरी सार्कस्तरीय सम्झौता अनुमोदन गरियो, जसको परिणाम अब विद्युत् बन्द र खोल्ने काम भारतले गर्ने हुन्छ। त्यस्तै, सौर्य ऊर्जा गठबन्धनको सचिवालय भारतमा रहनेगरी संसद्बाट अनुमोदन गरियो, जसको परिणाम अब नेपालमा सौर्य ऊर्जा निकाल्न भारतमा रहेको सचिवालयले अनुमति दिनुपर्ने भएको छ। अब के यो अनुमोदन राष्ट्रको हितमा छ त ? देशभक्ति भावनाले काम गरेको भन्न सकिन्छ ? यो आममुलुकवासीको सरोकारको विषय होइन र ? आममुलुकवासीबीच बहसको विषय बनाउनुपर्ने थिएन र ? एकतर्फी रूपमा अनुमोदन गर्न मिल्ने विषय हो र ? पक्कै पनि होइन। यस्ता काम कारबाहीले संसद्प्रति र राज्यप्रति नै जनताको वितृष्णा दिन प्रतिदिन फैलिँदै गएको छ।

त्यसमाथि जनताको जनप्रतिनिधिको बोली व्यवहार हुकुमी शैलि र सर्वसाधारण जनताको पहुँचमा नरही अघि-पछि १०/१५ जनाको डफा लियर रवाफ देखाउँदै हिँड्ने रवैयाले जनता वाक्क-दिक्क भएका छन्। लोकतन्त्रका सिद्धान्त मूल्य मान्यतामा रहन मीठा कुरा गरेर मात्र हुँदैन। जनताका जल्दाबल्दा समस्या समाधान गरेर देखाउन सक्नुपर्छ। आजका जनताले परिणाम खोजेका छन्। काम गरेर देखाउने लोकतन्त्र चाहिएको छ। हरेक पार्टीको मिसन नै जनताको सेवा भनेर उद्घोष गर्नुपर्ने र तदनुरूप काम गरेर देखाउने हुनुपर्छ। अब नेतृत्व पंक्ति सर्वसाधारणको साथी हुनुपर्छ र उनीहरूसँग टाढा रहने वा निरपेक्ष रहने जस्ता जुनसुकै प्रवृत्तिहरू पनि परास्त हुनुपर्छ। आधुनिक चीनका नेता देङश्यायो पिङले भनेका थिए, 'बिरालो कालो होस् या सेतो तर त्यसले मुसा मारेकै हुनुपर्छ।'

विकासका लागि राजनीति गर्ने राजनीतिक अगुवाहरू नै काममा होमिने चीनको संस्कारबाट हामीले सिक्नुपर्ने धेरै कुरा छन्। चीनको ग्रासरुटमा रहेर उदाहरणीय काम गर्ने जुनसुकै क्षेत्रका व्यक्तिहरू पार्टीको केन्द्रीय समितिमा मनोनीत हुने वा निर्वाचित हुने सम्भावना बढी भएकाले मुलुकले उसको क्षमताको भरपुर सदुपयोग गर्ने र उसका राम्रा कामको स्वाद स्थानीयवासीसमक्ष पुग्ने गरेको पाइएको छ। यसरी उच्च गुणस्तरका नेता र जनताबीचको सम्बन्ध रहनका लागि जनमैत्री सिद्धान्त आवश्यक पर्ने पुष्टि भएको छ। अहिले राज्य र नागरिकबीचको सम्बन्ध खलबलिएको, अविश्वास, शंका, घृणा, द्वेष र अपमान व्याप्त भई सहअस्तित्व विश्वास र सम्मान विस्थापित भएको अवस्था छ। निराशा, शंका, अविश्वास बेथिति मुलुकको नियमित संस्कार बन्न पुगेको छ। जातीय, धार्मिक र क्षेत्रीय अतिवाद तथा बाहिरी शक्तिको चलखेल र हस्तक्षेप चरम रूपमा देखापरेको छ।

यसै अवस्थालाई मध्यनजर गर्दै केही समय अगाडि रक्षा मन्त्रालयले २२ वटा कार्ययोजना र गृह मन्त्रालयले गृहप्रशासन सुधार कार्ययोजना सार्वजनिक गरेको थियो। त्यस कार्ययोजना'दयगत बोल्दै तत्कालीन गृहमन्त्रीले यसको कार्यान्वयन चुनौतीपूर्ण रहे पनि कसै न कसैले कहीं न कहींबाट त थाल्नैपर्ने थियो, त्यसैले सबैको सहयोग पाए यसको कार्यान्वयन गराएरै छाड्ने अठोट व्यक्त गरेको कुरा सार्वजनिक भएको थियो। वास्तवमा जनताको स्वामित्व र अपनत्व विकास गरी राज्य-नागरिक सम्बन्ध सुधार गर्ने हो भने यस्ता नीति रणनीति कार्ययोजना बनाउदा कर्मचारीको दायराभन्दा बाहिर गई आमबहसमा लैजानु अपरिहार्य देखिन्छ।

## सिद्धार्थ बैंकद्वारा पृथ्वी दिवसको उपलक्ष्यमा विभिन्न कार्यक्रम आयोजना

काठमाडौं। सिद्धार्थ बैंक लिमिटेडले सोमबार पृथ्वी दिवस २०२४ को अवसरमा विभिन्न कार्यक्रमहरूको आयोजना गरेको छ। बैंकले यस दिवसको अवसरमा सरसफाइ र चित्रकला प्रतियोगिता जस्ता कार्यक्रमहरू आयोजना गरेको हो।



स्वच्छ वातावरण निर्माणमा सघाउ पुर्‍याउने र वातावरणीय समस्याहरूको बारेमा सचेत गराइ भविष्यका पुस्ताहरूका लागि पृथ्वीको संरक्षण गर्न प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न कार्यक्रम आयोजना गरी पृथ्वी दिवस मनाएको बैंकले जनाएको छ। बैंकले सरसफाइ कार्यक्रम अन्तर्गत देशको सातै प्रदेशका कुल १५ विभिन्न सार्वजनिक स्थानहरुमा सरसफाइ कार्यक्रम आयोजना गरेको थियो जसमा बैंकका कर्मचारीहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

साथै, बैंकले बालबालिकाहरूलाई सानै उमेरमा प्लास्टिकले निम्त्याउने वातावरणीय चुनौतीहरूको बारे सचेत गराउने उद्देश्यले पृथ्वी दिवस २०२४ को नारा 'पाल्नेट भरसेज पाल्स्टीक'मा चित्रकला प्रतियोगिता समेत आयोजना गरेको थियो।

## एनएमबी बैंक जीवाश्म इन्धनको अन्त्य गर्ने विश्वव्यापी आह्वानमा सामेल

काठमाडौं। एनएमबी बैंकले 'ग्लोबल एलायन्स फर बैंकिङ अन भ्यालुज ( जीएबीभी) का १७ अग्रणी बैंकहरूको समूहसँग जीवाश्म इन्धनको प्रयोगको अन्त्य गर्न हातेमालो गरेको छ। बैंकले जीवाश्म ईन्धनको अन्त्यका लागि 'फोसिल फ्युल नन प्रोलिफिकसेन ट्रिटी' लाई अनुमोदन गरेको हो। 'फोसिल फ्युल नन प्रोलिफिकसेन ट्रिटी' सबैका लागि हरित उर्जाको व्यवस्था, जीवाश्म इन्धनको विस्तारको अन्त्य र वर्तमानको उत्पादनलाई निर्मुल पारि अन्तर्राष्ट्रिय हातेमालो गरी पेरिस सम्झौताका लक्ष्यहरु हासिल गर्ने एउटा विश्वव्यापी प्रयास हो। यो सन्धिप्रति प्रतिवद्धता जाहेर गर्ने वित्तीय संस्थाहरुको संख्या बढ्दो क्रममा रहेको छ। यसका साथै उनीहरु जलवायु संकटको मूल कारण तेल, ग्याँस र कोइलाको उत्पादन र प्रयोगलाई सम्बोधन गर्न विश्वव्यापी प्रयासमा महत्त्वपूर्ण कदम अघि बढाईरहेका छन्।




'यस कदमले जलवायु कार्यलाई अगाडि बढाउने र पेरिस सम्झौताका लक्ष्यहरूसँग पङ्क्तिबद्ध गर्ने, कार्बन उत्सर्जन प्रकटीकरण र व्यवस्थापनमा हाम्रा प्रयासहरूलाई बढावा दिने हाम्रो प्रतिवद्धतालाई दर्साउँछ। हामी सचेत छौं कि जलवायु परिवर्तन हाम्रो समयको सबैभन्दा महत्त्वपूर्ण मुद्दाहरू मध्ये एक हो, र हामी समाधानको एक हिस्सा बन्न प्रतिबद्ध छौं,' एनएमबी बैंकका सीईओ सुनिल केसीले भने।

यो कदमले उज्यालो, स्वच्छ भविष्यको प्रतिज्ञा गर्ने र वातावरणीय कल्याण र दीर्घकालीन दिगोपनलाई प्राथमिकता दिने दिगो अभ्यासहरूतर्फ बैंकको परिवर्तनलाई जनाउने एनएमबी बैंकले जनाएको छ। जीवाश्म ईन्धनमा कम निर्भरता भनेको स्वच्छ हावा, पानी र जमिन हो, जसले स्वास्थ्य र जीवनको गुणस्तरलाई प्रत्यक्ष रूपमा फाइदा पुर्याउने बैंकले बताएको छ। यसले हरित अर्थतन्त्रमा आर्थिक वृद्धि र स्थीरतालाई प्रोत्साहन गर्दै दिगो विकासको ढाँचा प्रदान गर्दछ।

## ग्लोबल आइएमई बैंकको नयाँ एक्सटेन्सन काउन्टर तुल्सीपुरस्थित मालपोत कार्यालयमा

काठमाडौं। ग्लोबल आइएमई बैंक लिमिटेडले तुल्सीपुर उप-महानगरपालिका वडा नं. ६, मदनआश्रित चोक, तुल्सीपुरस्थित मालपोत कार्यालयमा नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ। तुल्सीपुर उप-महानगरपालिका प्रमुख टिकाराम खड्काले एक समारोहकाबिच उक्त एक्सटेन्सन काउन्टरको समुद्धाटन गरेका छन्। सेवाग्राहीको बढ्दो चाप र आवश्कतालाई मध्यनजर गर्दै बैंकले नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याइएको हो।




यो काउन्टर सञ्चालनमा आएसँगै बैंकका एक्सटेन्सन तथा राजश्व संकलन काउन्टरहरुको संख्या ६८ पुगेको छ। नयाँ एक्सटेन्सन काउन्टरबाट निक्षेप सङ्कलन, नगद भुक्तानी, मोबाइल तथा अनलाइन बैंकिङ्ग सेवा, रेमिट्यान्सको सुविधा लगायत सबै किसिमका साधारण बैंकिङ्ग सेवाहरु उपलब्ध हुने बैंकले जनाएको छ।

बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्र रहेका छन।

ग्लोबल आइएमई बैंकलाई सबैंका लागि बैंक बनाउँदै बैंकले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ। त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्याउँदै आइरहेको छ।

INTERNATIONAL CHILDREN'S LITERATURE CONFERENCE-2024
अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन-२०८१

First International Conference on Children's Literature

September 20-22, 2024
Kathmandu

Organized by:
Nepal Academy
&
Nepalese Society for Children's Literature (NeSChiL)

Special Features
- Seminar Paper Presentation
- Panel Discussions
- Book Exhibition
- 'Meet the Author' Program
- Art Exhibition
- Cultural Performances
- Storytelling



Please register yourself. The first hundred entries from Nepal will be entertained on priority basis.

International delegates will be especially contacted by the organizers.

For registering, please log in to www.nepalbalsahitya.org.np






कौशलकुमार भट्टराई कृष्ण लम्साल पिएमणि भट्टराई हरि शरण जमकटेल

प्रधान–सम्पादक/प्रकाशक : **कौशल कुमार भट्टराई (९८५११३८२३७)**
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौँ–कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१–४२६७०६४
इमेल : nayabimarsha@gmail.com,
**मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं**

## सम्पादकीय

# द्विदेशीय सम्झौताहरूमा कार्यान्वयनको खाँचो

नेपाल र कतारबीच सहकार्य गर्नेसम्बन्धमा दुइटा सम्झौता र छवटा समझदारी भएका छन् ।सरकारी तहमा छवटा र निजी क्षेत्रसँग दुइटा समझदारी गरिएका हुन् । कतारका राजा अमिर शेख तमिम बिन हमाद अल थानीको दुई दिने नेपाल भ्रमणको दोस्रो दिन ती समझदारी तथा सम्झौताहरु भएका हुन् ।प्रधानमन्त्री पुष्पकमल दाहाल र कतारका अमिरको उपस्थितिमा सरकारीस्तरको समझदारीपत्रमा नेपालमा कानूनमन्त्री पदम गिरी र त्यहाँका समकक्षीले हस्ताक्षर गरेका छन् । संस्कृति, शिक्षा, युवा र खेलकुद, कूटनीतिक तालिम र कानुनी निकायहरूबीच सहकार्यसम्बन्धी पनि सम्झौता भएका छन् । गैरसरकारी स्तरमा भएका सम्झौतामा नेपालमा संयुक्त व्यापार परिषद् स्थापना गर्ने भन्ने रहेको छ । तीन लाखको हाराहारीमा हाल नेपाली कतारमा रहेको अवस्था छ ।

यस्तो अवस्थामा कतारका राजा नेपाल आई भएका समझदारी र सम्झौताहरुमा नेपालको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र कतार राज्यको संस्कृति मन्त्रालयबीच संस्कृति र कलाको क्षेत्रमा सहयोगका लागि समझदारी गर्ने सहमति भएको छ । यसैगरी राष्ट्रिय समाचार समिति, नेपाल (रासस) र कतार समाचार एजेन्सी (क्यूएनए) बीच समाचार आदानप्रदान तथा सहयोगसम्बन्धी सम्झौता पनि भएको छ । नेपाल सरकार र कतार राज्यको सरकारबीच शिक्षा, उच्च शिक्षा र वैज्ञानिक अनुसन्धानको क्षेत्रमा सहयोगका लागि समझदारीपत्र भएको छ । यस्तै नेपाल सरकार र कतार राज्यको सरकारबीच युवा तथा खेलकुदको क्षेत्रमा सहयोगसम्बन्धी समझदारीपत्र र नेपालको महान्यायाधिवक्ताको कार्यालय र कतार राज्यको सार्वजनिक अभियोजनबीच सहयोगका लागि समझदारीपत्रमा पनि हस्ताक्षर भएको छ । नेपाल सरकारको परराष्ट्र मामिला अध्ययन संस्थान (आईएफए) र कतार राज्यको परराष्ट्र मन्त्रालयको कूटनीतिक संस्थानबीच कूटनीतिक प्रशिक्षण र शिक्षाको क्षेत्रमा सहयोगसम्बन्धी समझदारीपत्र र कतार चेम्बर र नेपाल उद्योग वाणिज्य महासंघबीच संयुक्त व्यापार परिषद् (जेबिसी) स्थापना गर्ने सम्बन्धी सम्झौता पनि भएको छ । यस्तै, कतार चेम्बर र नेपाल उद्योग वाणिज्य महासंघबीच भएको समझदारीपत्रको नवीकरण गर्ने कार्य पनि भएको छ ।

कतारका राजाको नेपाल भ्रमणका दौरानमा भएका यी समझदारी र सम्झौताहरुको महत्व जति छ, त्यति नै यसको कार्यान्वयनको चुनौती छ । कुनै पनि समझदारी वा सम्झौता हुनु मात्र ठूलो कुरा होइन । त्यसको कार्यान्वयनको पक्ष कस्तो रहन्छ भन्ने कुरा महत्वपूर्ण हुन जान्छ । यसैगरी यसमा दुई देशको विश्वसनियताको कुरा पनि आउने गर्दछ । सरकारहरुका बीचमा भएका कुराले देशको इज्जतको कुरालाई बोकेको हुन्छ । नेपाल सरकारले त झनै बढी चनाखो बन्नुपर्ने अवस्था देखिएको छ किनकि कतारमा तीन लाखको हाराहारीमा नेपालीजन रहेका छन् । यसैगरी यी सम्झौता तथा समझदारीका कारण थप नेपाली कतार जान सक्ने अवस्था आउने देखिन्छ । यसैगरी नेपालीजनको श्रम तथा सेवाका कारण कतार आफूले प्रगति गरिरहेको कुरालाई पनि उक्त देशले महत्वका साथ हेर्नु जरुरी छ । त्यसैले यसको पालनाको विषयमा बढी सजग हुनुपर्ने अवस्था देखिएको छ ।

# चंगुलमा परेको लोकतन्त्र

गुरूराज घिमिरे

सच्चा लोकतन्त्रमा सिमान्तमा रहेको नागरिकले पनि यो देश मेरो हो भन्ने अनुभूति गर्न सक्नेछ- माहात्मा गान्धी ।

माथि गान्धीको भनाइ किन उद्धृत गरिएको हो भने नयाँ वर्षको आगमन भैसकेको छ र २०८० को बिदाइ बडो हर्षपूर्वक गरियो । किनभने बितेको वर्षले नेपाली समाजलाई ठूलो तनाव र अशान्ति दियो । तर, नयाँ वर्ष २०८१ को स्वागत भने उल्लासमय बन्न सकेन । यो जनताको मनोविज्ञानमा आएको ठूलो परिवर्तन हो । सायद एकथरि जनतालाई लाग्यो होला, कति स्वागत गर्नु, केही हुने होइन ! नयाँ सालको शुभकामनाका दुई शब्दबाहेक वर्षौंदेखि राज्यको उपेक्षा झेलिरहेका जनताको मनमा हौसला र उत्साह पैदा होस् पनि कसरी ? कुन आशाले रमाउने ? कोबाट आश गर्ने ? मातृभूमिले पूर्ण उपेक्षा गरेपछि मुग्लान भासिएका सन्तानको पसिनाले जीवन गुजार्नु परेको छ । आफ्ना प्राणभन्दा प्यारा सन्तानले अरबको प्रचण्ड धूपमा ज्यान हत्केलामा राखेर श्रम बगाएका बगायैं छन् । त्यस्तै कलिलो उमेरमा आफ्नो परिवार र देश छोडेर विदेशिएका सन्तानको पीडा अर्कै छ । छातिमा तस्बिर टाँसेर, देवी देउराली भाकेर दिन बिताउनु परेको छ र तत्काल यसको विकल्प पनि देखिँदैन । अनि कसरी चलोस् जाँगर नयाँ वर्ष मनाउन ? हो, अधिकांश नेपालीले यसपटक नयाँ वर्षलाई स्वागत गर्न अल्छी मानेको देखियो । राजधानी मात्र सम्पूर्ण देश होइन । सीमित जनसंख्याबाहेक यसपटक अधिकांश नेपालीलाई नयाँ वर्षका दिन पनि उदासी र चिन्ताले छाडेन । नेपालको भविष्यका लागि यो शुभसंकेत होइन । त्यसैले फगत औपचारिकताको शुभकामना साटासाटबाहेक नयाँ वर्षको रौनक कतै पनि देखिँदैन । अब यसको गुह्य कारण खोज्न राज्यका जिम्मेवार अधिकारीहरूमा कुनैं कर्तव्यबोध र उत्साह देखिँदैन किन ? के गान्धीले भनेजस्तो सिमान्तको गरीब नेपालीले यसको अनुभूति गर्ने पाएको छ त ? यसका केही दुःखद् आयामहरूबारे संक्षेपमा चर्चा गर्नु सान्दर्भिक हुनेछ ।

हामीले जनताको जीवनमा सुख ल्याउने कथा हालेको धेरै भयो । अहिले पनि दोहोऱ्याएको दोहोऱ्याइ छौं । तर, तदनुरूप काम गर्दैनौं । हामीलाई लाग्छ, हाम्रो काम त बोल्ने हो । समाजमा चमत्कार आफैं हुन्छ । यसपटक नयाँ वर्षको अघिल्लो दिन पूर्वी तराईंको प्रतिष्ठित जिल्लाको सार्वजनिक जमघटमा ओनसरी राजवंशी भेटिइन् । उनी ग्रामीण भेगमा बसोबास गर्ने गरीब नेपाली महिला हुन् । उनको सम्पत्तिको नाममा सार्वजनिक जग्गामा एउटा टहरो छ । श्रीमान बेरोजगार छन्, अर्कैको खेतमा बनिबुतो गर्छन् । पहिले कार्टुन फ्याक्ट्रीमा काम गर्थे । तीनवटी छोरी छन्, पढ्नमा साह्रै जेहनदार । पोहोर साल उनले छोरीलाई नेपाल प्रहरीको परिचर पदमा फर्म भर्न लगाइन् । छोरीले सबै तहका परीक्षण उत्तीर्ण गरिन् तर, अन्तिममा काठमाडौं पुगेर अन्तर्वार्तामा फालिइन् । ओनसरी अमुक राजनीतिक दल विशेष कि सक्रिय कार्यकर्ता हुन् । उनले छोरीलाई जागिर लगाउन धेरै नेतालाई हारगुहार गरिन् । चुनावमा पनि धेरै खटिइन् । घरमा पालेको हाँस, कुखुरा खुवाइन् । तर, कसैले उनको कुरा सुनेन । एकाध नेताले त पैसाबिना जागिर खान गाह्रो छ पनि भनेछन् । जागिर खान पैसा चाहिने कुराको हल्ला यस पङ्तिकारले पनि सुनेको छ । यसपल्ट उनले तरक्क आँशु झारेर भनिन्, 'यहाँ गरीबको कुरा सुनिदिने कोही छैन, यसपालि पनि फर्म त भराएको छु, खुला, आरक्षण र कार्यालय सहयोगीमा, जागिर त के मिल्ला र !' उनको कुरा मर्म भेदी थियो, पङ्तिकार उनले दिएको कागज बोकेर हिँड्यो । उनका लागि समाज पनि छैन, राजनीतिक दल पनि छैनन् र राज्य पनि छैन । अनि कसरी आउँछ, नयाँ वर्ष ? यिनी हाम्रो समाजकी प्रतिनिधि पात्र हुन्, जसले समग्र समाजको अभाव र गरीबी चित्रण गर्छ । समाजको साधन श्रोत सम्पन्न पक्षमा समवेदना मरिसकेको छ, जसले आफ्नो स्वार्थ र लाभबाहेक अर्थोक देख्दैन ।

दुई विषयमा स्नातकोत्तर गरेका र एउटा राजनीतिक दलको भ्रातृ संगठनमा लागेका सल्यानका रमेश केसीले ६ महिनाअघि एउटा राजनीतिक दलको भेलामा भनेका थिए, 'मसँग दुइटा डिग्री छन्, मैले राज्यमा भूमिका र काम खोजेको केही वर्ष भयो, तर पाएको छैन, दलको भ्रातृ संस्थाका लागि पनि योग्य भइनँ । अब त दिक्क भैसकेँ । विस्तारै विदेशको सपना देख्न थालेको छु, हामीलाई नेपाल मैं रोक्ने तपाईंहरूसँग कुनै कार्यक्रम छ ? कार्यक्रम छैन भने दशथरि कुरा किन गर्नुहुन्छ ?' यसको जवाफ कसले दिने ? देशका भरभराउँदा युवाहरूको निराशाको मलहम पट्टी के ? विदेश पलायन वा विद्रोह ? विद्रोह पनि कहिलेसम्म र केका लागि ? विद्रोहमा साथ दियो, मालिक हुन्छ अर्कै । युवा जनशक्ति विदेश भासिएपछि देशका लागि काम गर्ने कसले ? आखिर देश बनाउने त ऊर्जावान मानव संसाधनले नै त हो । यस विषयमा देशको राजनीतिक नेतृत्वमा चिन्ता र गम्भीरता पटक्कै देखिँदैन । अनि कसरी आउँछ युवाहरूलाई नयाँ वर्ष ?

पूर्वी पहाडी जिल्ला खोटाङको दिक्तेल र हलेसीको बीचतिर नुनथला भन्ने ठाउँ छ, मीठो चियाका लागि प्रसिद्ध । केही दिनअघि त्यो बाटो हिँड्दा एकजना ८१ वर्षीय भट्टराई थरका वृद्ध बिरामी भेटिए, लामीडाँडा हुँदै जहाजबाट काठमाडौं लाँदै गरेका । उनी सिकिस्त थिए, छोरा र भतिजासँगै थिए । काठमाडौं त लाने, तर कुन अस्पताल, ठेगान थिएन । एकजना नातेदारको भरमा ठूलो अस्पताल लैजाँदै रहेछन् । छोराको चिन्ता थियो, पैसा कति लाग्ने हो ? नेपालमा ८० वर्ष नाघेका गरीब वृद्ध वृद्धालाई सहज र सुलभ उपचारको व्यवस्था छैन, न सरकारी, न निजी अस्पताल कतै पनि । एक त ढल्केको उमेर, त्यसमाथि लाग्ने खर्च र निको हुने कुराको अनिश्चितता । यो त एउटा प्रतिनिधि घटना मात्र हो । देशभरि यस्ता व्यक्ति र परिवार कति छन् कति ? अनि त्यस्तो परिवारलाई कसरी आउँछ नयाँ वर्ष ? आखिर यत्रा बग्रेल्ती सरकारहरूको औचित्य के? राज्य र सरकार भनेको के ? किन बनाएको सरकार ? न रोजगारी न उपचार, न राहत ?

विराटनगर महानगर कै वडा नम्बर १९ मा ठूल्ठूला मुसहर (ऋषिदेव) बस्ती छन् । त्यसै बस्तीका बासिन्दा हुन् विष्णु ऋषिदेव । उनका बाबुआमा कोभिडमा बिते । नजिकै ठूल्ठूला अस्पताल थिए । उपचार गराउने पैसा थिएन, कसैले अस्पताल लगि दिएन । उनी ५२ वर्षका भए, ७२ जस्ता देखिन्छन् । एउटी छोरीले दुई कक्षासम्म पढी र तीन वर्षअघि बिहे भयो । विष्णुका अरु चार छोरा छन् । एउटाले जसोतसो ९ सम्म पढ्यो र छोड्यो । उमेर २२ को भयो, लक्का जवान भए पनि अनुहारमा गरीबीका रेखा प्रशस्तै छन् । पाएको ठाउँमा मजदुरी गर्छ, भरपर्दो रोजगारी छैन । अर्को छोरो १९ वर्षको छ, ७ पढेर छोड्यो । दाजुसँगै मजदुरी गर्न जान्छ । विष्णुलाई दुइटै छोरा काममा जाँदा आनन्द लाग्छ । साना छोराहरू १६ र १४ का छन्, स्कुल जाँदैछन् । दाजुहरूले काम गरेर पढाउँछौं, स्कुल नछाड्नु भनेका छन् । सानाले पढ्छन् कि भन्ने विष्णुलाई थोरै आश छ । महानगरको एउटा वडाको दारुण चित्र हो यो । यहाँ कागज र नाममा सरकारै सरकार छन् तर, वास्तविक जीवनमा केही पनि छैन, विष्णुजस्ता नेपालीका लागि कोही छैन । उसका साना छोराहरूको पढ्ने ईच्छा पूरा गरिदिने न सरकार छ, न समाज ! अनि विष्णुलाई नयाँ वर्ष कसरी आउँछ ? उसका लागि नयाँ वर्षको उत्सव दन्त्य कथा मात्र हो ।

हामीले जनताको जीवनमा सुख ल्याउने कथा हालेको धेरै भयो । अहिले पनि दोहोऱ्याएको दोहोऱ्याइ छौं । तर, तदनुरूप काम गर्दैनौं । हामीलाई लाग्छ, हाम्रो काम त बोल्ने हो । समाजमा चमत्कार आफैं हुन्छ । युगले एउटा जादुगर अवश्य पैदा गर्नेछ र देशको उन्नति जादुगरबाट हुनेछ । हामीले त आ-आफ्नो जीवन बनाउने हो । अनि यस्तो समाज विकसित कसरी हुन्छ ? अझ हामी त समृद्धिको पो नारा दिन थालेका छौं । समृद्धि भनेको चरम प्रगति हो । यसका लागि तीव्र गतिमा उन्नति गर्दा पनि कम्तिमा ५० वर्ष लाग्छ । हाम्रो बकवासले त १० वर्ष काफी छा अनि हामीलाई पत्याउने जनता महान् हुन् कि बुद्धु ? तर, हामी जनतालाई बारम्बार झुक्याउँदै छौं । तर, कतिञ्जेल ? यस्तो नौटङ्की कहिलेसम्म चल्ला ? हामीलाई थाहा छ, राज्यको परिकल्पना र गठन जनताको जीवनलाई सहज बनाउन र सुरक्षा दिनका लागि जनताद्वारा नैं भएको थियो । नत्र हाम्रोजस्तो निर्मोही राज्य अस्तित्वमा आउने नै थिएन । राज्यको अवधारणा आएका/बनेका राष्ट्रहरू कहाँ पुगे र हामी कहाँ छौं ? नयाँ वर्ष शुरू भइसक्दा पनि यो प्रश्न अनुत्तरित नै छ । सावा अक्षर मात्र छिचोलेको नेपालीले पनि भन्न सक्छ कि देशले कुन बाटो समातेको छ । अनि ऊ केवल सम्वत् फेरिँदैमा कसरी रमाउन सक्छ ?

लोकतान्त्रिक शासन व्यवस्था जनभावनाअनुसार चल्ने राजनीतिक व्यवस्था हो । अरु राजनीतिक प्रणालीमा जनभावनाको स्थान हुँदैन । त्यसैले यसलाई उत्तम मानिन्छ । तर, हाम्रो लोकतन्त्रमा जनताको स्थान कहाँ छ ? आज सोचनीय अवस्था छ । गान्धीले भनेजस्तो सिमान्तमा रहेको नागरिकको अवस्था कस्तो छ ? भोकै पर्दा, बिरामी हुँदा, स्कुल पढ्न नपाउँदा, बेरोजगार हुँदा को सोध्न आउँछ ? एक प्रकारले भन्ने हो भने हामीले जनतालाई कीरा फट्याङ्ग्रा ठानेका छौं, मरे बाँचे हामीलाई मतलब छैन । जनता कहाँ र कस्तो ठाउँमा बस्छन्, शिक्षा, स्वास्थ, रोजगारीको अवस्था के छ, सुरक्षा छ/छैन, खाएका छन्/छैनन्, यी कुनैं कुराको हामीलाई चासो छैन । अनि राज्यको दायित्व कसरी पूरा हुन्छ र सरकार हुनु र नहुनुको के अर्थ छ ? सरकार हाम्रानिम्ति, अवसर हाम्रा लागि, सुविधा र फाइदा पनि हाम्रै निम्ति भएपछि जनताले राज्यका बारेमा कस्तो धारणा बनाउने ? सिंहदरबारदेखि वडा कार्यालयसम्मको मानसिकता, चरित्र र व्यवहार एकनास भएपछि समाज कहाँबाट उँभो लाग्छ ? नेपालका जिम्मेवार अधिकारीहरूलाई जनता चुस्ने विद्या मात्र आउँछ भन्ने कुरामा दुई मत छैन । जसको परिणाम आजको नेपाल हो ।

सरकारमा पुगेका राजनीतिक दलहरूसँग विकासको 'टार्गेट' हुनुपर्छ । त्यसनिम्ति गुरुयोजना, रणनीति र पर्याप्त श्रोतको सुनिश्चितता हुनुपर्छ । यसका लागि आन्तरिक र बाह्य दुवै श्रोत जुटाउन सक्ने विश्वसनीय नेतृत्व हुनुपर्छ । छलबलले जिम्मेवारीमा पुगेका प्राविधिक व्यक्तिहरूलाई दुनियाँले पत्याई हाल्दैन । नेपालको वास्तविक समस्या यही हो । हरेक राजनीतिक दलको नेतृत्व तहमा यस्तै व्यक्तिहरूको प्रभुत्व छ । यो जमात साच्चै संवेदनहीन छ । यसको दुष्प्रभाव सर्वत्र फैलिएको छ । अपवादका कतिपय ठाउँहरूमा जिम्मेवारीमा पुगेका असल नियत भएका राम्रा व्यक्तिहरूका कारण त्यहाँको जनजीवन फेरिएको छ । तर, दृष्टान्तहरू धेरै कम छन् । एउटै मात्र उदाहरण दिनुपर्दा मोरङ जिल्लाको रंगेली नगरपालिकालाई लिन सकिन्छ । त्यहाँका बाटाघाटा, कृषि प्रणाली, धार्मिक स्थल, विद्यालय र स्थानीय सरकारले नागरिकलाई दिने सेवाको गुणस्तर उदाहरणीय र अनुकरणीय बन्दै गएको देखिन्छ । यो सबै परिवर्तन नेतृत्वमा बसेको व्यक्तिको दृढ इच्छा शक्ति र इमानदार प्रयासका कारण सम्भव भएको हो, उसले प्रतिनिधित्व गर्ने दलका कारण होइन ।

स्वामी विवेकानन्दले एकपटक भनेका रहेछन्, 'हामीसँग सयजना असल र योग्य मानिस भए भने भारत बन्छ ।' नेपालमा त त्यसको ठिकविपरीत सयजना खराब मानिसहरू भए, जसका कारण आजको दुर्दशा छ । अनि संवत फेरिँदैमा हर्षोल्लास कसरी मनाउन सकिन्छ र ? जबसम्म खराब मानिसहरूको चंगुलबाट राजनीतिलाई मुक्त गर्न सकिँदैन, तबसम्म देश यसरी नै छटपटाइरहन्छ, जनताले दुःख पाइरहन्छन् र हामीले जतिसुकै उत्तम राजनीतिक प्रणाली स्थापना गरे पनि त्यसले आफ्नो धर्म अनुसार काम गर्न सक्दैन । सम्वत्हरू फेरिइरहन्छन् तर, जनताको हालत ज्यूँका त्यूँ रहन्छ । त्यसैले जनताको हालत नसुध्रिएसम्म नयाँ वर्ष आउँछ/जान्छ । कुनै उत्सव र हर्षोल्लास सम्भव हुँदैन ।

# कुमारी बैंकद्वारा १० लाखको बीमा रकम भुक्तानी

काठमाडौं । कुमारी बैंक लिमिटेडले परिवार सुरक्षा बचत खाता योजना अन्तर्गत खाता धारकलाई १० लाख रुपैयाँको दुर्घटना बीमा रकम भुक्तानी गरेको छ । खाता धारकको परिवारको तर्फबाट कावासोती न.पा. वडा नं २ निवासी निज खाता धारक लक्ष्मी पाण्डे र निजको श्रीमान विश्व नाथ पाण्डेलाई संयुक्त रुपमा रकम हस्तान्तरण गरिएको थियो । उक्त रकम कुमारी बैंक लिमिटेडको कावासोती शाखाबाट हस्तान्तरण गरिएको थियो । नेको इन्स्योरेन्स लिमिटेडबाट बीमा दाबी रकम प्राप्त भई कुमारी बैंक लिमिटेड मार्फत सो रकम भुक्तानी गरिएको थियो ।

कुमारी बैंकले कुमारी परिवार सुरक्षा बचत खातामा आकर्षक बीमा सुविधा उपलब्ध गराउँदै आएको छ । यस खातामा खातावाला सहित परिवारका चार जना सदस्यले २६ लाख रुपैयाँ सम्मको बीमा सुविधा प्राप्त गर्न सकिन्छ । सो खातामा आकस्मिक दुर्घटना, मृत्यु, पुर्ण शारीरिक अशक्तता, चिकित्सा उपचार र घातक रोगहरुका लागि बीमा सुविधा प्रदान गरिन्छ । कुमारी बैंकले विगत ४ वर्ष देखि ग्राहकहरुको सुविधाका लागि परिवार सुरक्षा बचत खाता योजना मार्फत बिमा लगायत अन्य उत्कृष्ट सुविधा प्रदान गर्दै आएको बैंकले जनाएको छ ।

विगत २३ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१५ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ६७ शाखारहित बैंकिङ्ग ईकाईहरु मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरु प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरुमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरु गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

# सिटिजन्स बैंक १८औं वर्षमा




काठमाडौं । सिटिजन्स बैंक इन्टरनेसनल १७ वर्ष पूरा गरी १८ वर्षमा प्रवेश गरेको छ। बैंकले वार्षिकोत्सव अवसर पारेर आफ्ना ग्राहकका लागि विभिन्न योजना तथा कार्यक्रमहरू पनि ल्याएको छ।

बैंकले वार्षिकोत्सवलाई ध्यानमा राखेर बैंकले वैशाख १-३१ सम्म एक महिनाका लागि लागू हुने गरी विभिन्न सेवा-सुविधामा भारी छुट तथा क्यासब्याकलगायतका योजना पनि सार्वजनिक गरेको छ। सार्वजनिक योजनाअन्तर्गत डेबिट-क्रेडिट कार्ड प्रयोगकर्ताले पस मेसिन र अनलाइनमार्फत एक हजार रुपैयाँ वा सोभन्दा बढीको कारोबार गर्दा १७ प्रतिशत वा एक सय ७० रुपैयाँ क्यासब्याक पाउनेछन्। त्यसैगरी, सिटिजन्स स्मार्टमार्फत क्युआर कोड स्क्यान गरी भुक्तानी गर्ने ग्राहकले पनि पाँच सय वा सोभन्दा बढीको कारोबार गर्दा १७ प्रतिशत वा बढीमा एक सय ७० क्यासब्याक प्रदान गरिने बैंकले जनाएको छ।

डिजिटल भुक्तानीको अर्को माध्यम इ-कम कार्डको प्रयोगलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ बैंकले




योजना अवधिभरमा इ-कम कार्ड लिन चाहने ग्राहकलाई सो कार्ड निःशुल्क रूपमा उपलब्ध गराउने जनाएको छ। त्यसैगरी, बैंकले यस योजना अवधिभर ग्राहकका लागि निःशुल्क डिम्याट खाता खोल्ने सुविधा दिने भएको छ। साथै, बैंकका निष्क्रिय मोबाइल बैंकिङ ग्राहकलाई योजना अवधिभर सेवा सक्रिय गर्दा एकमुष्ठ १ सय ५० रुपैयाँ छुट प्रदान गरिनेसमेत जानकारी बैंकले गराएको छ।

यसैगरी बैंकले वार्षिक उत्सवको अवसरमा घरबारविहीन र मानसिक सन्तुलन गुमाएर सडकमा आश्रय लिइरहेकालाई करिब १७०० जनालाई १७ दिनको भोजनको व्यवस्था गरेको छ। बैंकले गत चैत २० देखि २०८१ वैशाख ६ सम्म भोजन व्यवस्था गरेको हो।

भोटुस्इन्दिरा समाज कल्याण संस्थासंगको सहकार्यमा काठमाडौंका जोरपाटी, चाबहिल, बौद्ध, मैतीदेवी, सेतोपुल, पुरानो बानेश्वर, भीमसेनगोला, बत्तीसपुतली, सिनामंगल, गौशाला लगायतका स्थानमा नदी किनार, सडक छेउमा र पुलमुनि बस्ने घरबारविहीन मानिसहरुलाई भोजन वितरण गरेको बैंकले जनाएको छ।

सन् २०२० मा कोभिड १९ को सुरुवात सँगै सडकमा आश्रित घरबारविहीन व्यक्तिहरुलाई खाना खुवाउने कार्यको थलानी गरेको संस्थाले हालसम्म ३ लाखभन्दा बढीलाई खाना खुवाएको छ भने ५०० भन्दा बढीलाई अन्य सहयोग गरिसकेको बैंकले उल्लेख गरेको छ।

साथै, बैंकले आफ्नो १७औं वार्षिकोत्सवको उपलक्ष्यमा बिहीबार कोशी प्रदेशको धरान शाखाबाट निःशुल्क स्वास्थ्य शिविर संचालन गरि करीब १५० जना सेवाग्राहीहरुले निःशुल्क स्वास्थ्य परीक्षण गराउनुका साथै आवश्यक औषधीहरू समेत निःशुल्क वितरण गरेको छ।

हरेक वर्ष बैंकले आफ्नो वार्षिक उत्सवको उपलक्ष्यमा सामाजिक रूपान्तरणको लागिकार्य गर्ने संस्थालाई आर्थिक सहयोग उपलब्ध गराँउदै आएको छ।सिटिजन्स बैंकको चुक्ता पुँजी १४ खर्ब २० करोड रुपैयाँ रहेको छ। बैंकले १ खर्ब ५६ अर्ब कर्जा लगानी गरेको छ भने १ खर्ब ८४ अर्ब रुपैयाँ निक्षेप संकलन गरेको छ।

बैंकले देशैभरि फैलिएका आफ्ना १९० वटा शाखा, १५३ वटा एटिएम र ९८ वटा शाखारहित बैंकिङ इकाईहरूबाट १७ लाख २४ हजार ग्राहकलाई आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको छ। हाल ६० जिल्लामा बैंकले सेवा प्रदान गरिरहेको छ।

यसैबीच सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले नेपालमै पहिलो पटक भर्चुअल क्रेडिट कार्ड सार्वजनिक गरेको छ। बैंकले फोनपे सँगको सहकार्यमा नेपालमै पहिलो पटक भर्चुअल क्रेडिट कार्ड सार्वजनिक गरेको हो। सिटिजन्स बैंकमा आयोजित एक कार्यक्रमकाबीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल र फोनपेका प्रमुख कार्यकारी अधिकृत दिवश कुमारबीच भर्चुअल क्रेडिट कार्ड सञ्चालन सम्बन्धी सम्झौता भएको छ। साथै बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले भर्चुअल क्रेडिट कार्डको उद्घाटन गरेका हुन्।

भर्चुअल क्रेडिट कार्डको लागि सिटिजन्स मोबाइल बैंकिङ एप मार्फत योग्य ग्राहकहरूले सिधै आवेदन दिन सक्नेछन्। कुनै कागजी कार्य र भौतिक कार्डको आवश्यकता नपर्ने यस्तो कार्डमा ग्राहकहरूले २० हजार देखी २ लाख ५० हजार रुपैयाँसम्मको क्रेडिट सीमा उपभोग गर्न पाउनेछन्। भर्चुअल क्रेडिट कार्ड क्यूआरकोड स्क्यान गरेर किनमेल गर्न, नेपाल भित्र अनलाइन खरिदहरू गर्न प्रयोग गर्न सकिनेछ। यसमा ई.एम.आइ को सुविधा पनि रहेको छ। बैंकले ग्राहकहरुलाई ४५ दिनको समयावधि भित्र सजिलै कर्जा चुक्ता गर्ने विकल्प प्रदान गरेको छ साथै उनीहरूको कुल क्रेडिट कार्डको बक्यौताको १० प्रतिशत देखि १०० प्रतिशतसम्म भुक्तानी गर्ने विकल्प पनि प्रदान गरेको छ।

भर्चुअल क्रेडिट कार्ड एक पूर्ण डिजिटल रुपमा सञ्चालित क्रेडिट कार्ड हो र ग्राहकहरूले आफ्नो मोबाइल बैंकिङ एप्लिकेशन मार्फत नै यो कार्ड प्राप्त गर्न तथा आफ्नो कारोबार गर्न सक्नेछन्। यो कार्डले भुक्तानी कार्ड उद्योग र ग्राहकहरुलाई पुनः परिभाषित गर्ने अपेक्षा गरिएको बैंकले जनाएको छ।

## महालक्ष्मी विकास बैंकद्वारा महिला उद्यमी लक्षित सशक्तीकरण अभियान शुरुवात

काठमाडौं। महालक्ष्मी विकास बैंकले महिला उद्यमीहरुलाई सार्वजानिक यातायातको क्षेत्रमा विद्युतीय सवारीको माध्यमबाट महिला सशक्तीकरण गर्ने उद्देश्यका साथ एक अभियानको शुभारम्भ गरेको छ।

हरित परिवहनको माध्यमबाट महिला सशक्तीकरण भन्ने मुल उद्देश्यका साथ धुलिखेल नगरपालिकाका विभिन्न महिला उद्यमीहरुलाई विद्युतीय सवारीको साँचो



हस्तान्तरण गरिएको थियो। पर्यावरणीय मैत्री यातायातको बढ्दो माग र आवश्यकतालाई सम्बोधन गर्न अन्य स्थानीय तहहरमा समेत बैंकले हरित कर्जा अन्तर्गत यस्तो अभियान थप विस्तार गर्दै जानेछ।

'सबल बैंक, सफल सहकार्य' को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत २९ वर्ष देखि अनवरत रुपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकको देशभर १०३ शाखा कार्यालयहरु र करिब ७ लाख ग्राहकहरु रहेका छन्।

साथै मिति २०८०/०९/२८ मा सम्पन्न बैंकको २२ औ वार्षिक साधारण सभाबाट विदेशी बैंक वा वित्तीय संस्थालाई रणनीतिक साझेदारको रुपमा ल्यायन प्रस्ताव समेत पारित भएको छ।

## गरिमा बैंक र ट्रेकिङ एजेन्सीबीच सम्झौता

काठमाडौं। गरिमा विकास बैंक लिमिटेड र ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल (टान) गण्डकीबीच सम्झौता भएको छ।

गरिमा विकास र ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल (टान) गण्डकीबीच सदस्य संस्थाहरुलाई बैंकको विभिन्न प्रकारका कर्जाहरुमा सहुलियत सहितको



सेवा उपलब्ध गराउने सम्झौता भएको हो। उक्त सम्झौता पत्रमा बैंकको तर्फबाट क्षेत्रिय कार्यालय पोखराका क्षेत्रिय प्रबन्धक भोला प्रसाद तिवारी र टान गण्डकीको तर्फबाट अध्यक्ष धर्मराज पन्थीले हस्ताक्षर गरेका छन्।

उक्त सम्झौता अनुसार टानका सदस्यहरुलाई गरिमा विकास बैंक लिमिटेडले अधिकतम ५० लाख रुपैयाँसम्म गरिमा सरल एसएमई आवधिक र ओभरड्राफ्ट कर्जा नियम अनुसार सहुलियत ब्याजदरका साथ उपलब्ध गराउनेछ र साथै ५ लाख रुपैयाँसम्म को बैंक ग्यारेन्टी मात्र १० प्रतिशतको नगद मार्जिनमा उपलब्ध गराउनेछ।

यि सेवाहरुले गर्दा टान सदस्यहरूलाई व्यापार व्यवसायमा सहजीकरण हुने बैंकले विश्वास लिएको छ। इच्छुक सदस्यहरूले आफुलाई पायक पर्ने यस विकास बैंकको कुनै पनि शाखा कार्यालयमा सम्पर्क गरी सेवा लिनसक्नेछन्। साथै, यस सम्झौता पश्चात टानले गरिमा विकास बैंकलाई बैंकिङ्ग पार्टनरको रुपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ। यसअघि बैंकले टानको केन्द्रिय संगठनसंग काठमाडौंमा यसै किसिमको सम्झौता गरिसकेको बैंकले जनाएको छ।

## ग्रीन डेभलपमेन्ट बैंकमा श्रेष्ठ

काठमाडौं। ग्रीन डेभलपमेन्ट बैंकका अध्यक्ष गणेश कुमार श्रेष्ठले पद तथा गोपनीयताको सपथ लिएका छन्। उनले वैशाख १० गते नेपाल राष्ट्र बैंक पोखरा शाखाका निर्देशक बिना ढकाल पौडेल समक्ष पद तथा गोपनीयताको सपथ लिएका हुन्।



अध्यक्ष श्रेष्ठ २०८० चैत २७ गते सम्पन्न भएको ग्रीन डेभलपमेन्ट बैंकको दशौं तथा एघारौं संयुक्त साधारण सभाबाट संस्थापक सेयरधनीको तर्फबाट अध्यक्ष पदमा निर्विरोध निर्वाचित भएका थिए। कार्यक्रममा ग्रीन डेभलपमेन्टलाई अहिलेको अवस्थासम्म पुर्याउन नेपाल राष्ट्र बैंकले पुर्याएको सहयोगको विशेष स्मरण गर्दै उनले बैंकिङ्ग क्षेत्रलाई थप विस्तार गर्न भविष्यमा पनि यस किसिमको सहयोग आवश्यक रहने बताए।

श्रेष्ठले नेपाली बैंकहरूले बदलिँदो विश्व परिस्थितिअनुसार आफूलाई प्रविधिमैत्री बनाउन आवश्यक हुने बताउँदै आफ्नो कार्यकालमा ग्रीन डेभलपमेन्टलाई थप सबल र उत्कृष्ट बनाउन आफूले पहल गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे।

## कामना सेवाले गण्डकी मेडिकल कलेजमा गर्‍यो वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं। कामना सेवा विकास बैंकले शनिबार पोखराको गण्डकी मेडिकल कलेजमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। मेडिकल कलेजका विद्यार्थी तथा कार्यरत डाक्टरहरुलाई वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको हो। उक्त कार्यक्रममा करिव २०० जना डाक्टर तथा विद्यार्थीलाई वित्तीय साक्षरता कार्यक्रम गरेको हो। उक्त वित्तीय साक्षरता कार्यक्रमसगै डाक्टर, विद्यार्थी र बैंकका कर्मचारीहरुको संयुक्त हाइकिङ्ग कार्यक्रम राखिएको थियो।



पोखराको ड्यामसाईड देखी विश्व शान्ती स्तुपासम्म गरिएको हाइकिङ्ग कार्यक्रममा बैंकका उच्च व्यवस्थाकिय कर्मचारी तथा मेडिकल कलेजका डाक्टरहरुको उपस्थिती रहेको थियो। उक्त कार्यक्रम पश्चात गण्डकी मेडिकल कलेज र कामना सेवा विकास बैंकबिच सेवा छुट सम्वन्धी समेत सम्झौता भएको छ। उक्त सम्झौता पश्चात कामना सेवा विकास बैंकका कर्मचारी, शेयरधनी तथा ग्राहक महानुभावहरुले सेवा उपभोग गर्दा १५ प्रतिशत सम्म छुट प्राप्त गर्न सक्नेछन्।

बैंकको मोवाईल बैंकिङ्ग सेवा तथा कार्डवाट भुक्तानी गर्दा उक्त छुट प्राप्त गर्न सकिनेछ। उक्त छुट सम्वन्धी सम्झौतामा बैंकका तर्फवाट प्रमुख कार्यकारी अधिकृत दिनेश थकाली र गण्डकी मेडिकल कलेजका प्राचार्य डा.रविन्द्र प्रसाद श्रेष्ठले हस्ताक्षर गरे।

हाल बैंकले आफ्ना १३५ सञ्जालहरु तथा ७७ एटिएम तथा विभिन्न शाखा रहित सेवा केन्द्र मार्फत् आफ्नो अत्याधुनिक सेवा सुविधाहरु प्रदान गरि रहेको छ।

## मुक्तिनाथ विकास बैंकद्वारा कृत्रिम हात प्रदान

काठमाडौं। मुक्तिनाथ विकास बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत कृत्रिम हात वितरण गरेको छ। बैंकले ईनेबल नेपाल सांस्था (गैर मुनाफा मूलक) सँगको साझेदारीमा देशका विभिन्न स्थानहरुबाट बसोबास गर्ने र कृत्रिम हातको आवश्यकता पर्ने बालबालिकाहरुलाई चाहिने कृत्रिम हातहरु वितरण गरेको छ।




एक कार्यक्रमबीच बैंकका सहायक नायाव प्रमुख कार्यकारी अधिकृत तिल बहादुर गरुङ र ईनेबल नेपाल सांस्थाका पदाकारीबाट सोही कृत्रिम हातहरु बालबालिकाहरुलाई वितरण गरिएको छ। उक्त कार्यक्रममा बैंकका कर्मचारीहरु, बालबालिकाहरुका अभिभावक र ईनेबल नेपाल सांस्थाका कर्मचारीहरुको उपस्थिति रहेको थियो। हालमा बैंकले ५ थान कृतम हातहरु वितरण गरिसकेको र निकट भविष्यमा थप कृत्रिम हातहरु वितरण गर्ने बैंकका सहायक नायाव प्रमुख कार्यकारी अधिकृत तिल बहादुर गरुले बताएका छन्।

यस सहयोगहरुबाट मुक्तिनाथ विकास बैंकले आफ्नो सामाजिक उत्तरदायित्वलाई आत्मसात गर्दै, यस सहयोगबाट सोही लाभकारी बालबालिकाहरुको जीवनमा सकरात्मक परिवर्तन हुने र आत्मविश्वास बलियो गर्न मद्दत पुग्ने विश्वास लिएको छ।

# मौद्रिक नीतिमार्फत् आउँदैछ डिजिटल बैंकसहितको डिजिटल करेन्सी नीति

**सन्तोष रोकाया**

काठमाडौं। नेपाल राष्ट्र बैंकले डिजिटल करेन्सी ल्याउनका लागि प्राथमिकताका साथ काम गरिरहेको छ। अबको दुई वर्षभित्र सेन्ट्रल बैंक डिजिटल करेन्सी (सीबीडीसी) सार्वजनिक गर्ने रणनीतिका साथ राष्ट्र बैंकले काम गरिरहेको हो। डिजिटल करेन्सीको विषयमा अध्ययन गर्नका लागि राष्ट्र बैंकले छुट्टै महाशाखा निर्माण गरेर काम गरिरहेको छ।

विभिन्न देशहरूले डिजिटल करेन्सीलाई प्रयोगमा ल्याइसकेको बेला राष्ट्र बैंक पनि छिट्टै आफ्नै डिजिटल करेन्सी ल्याउनका लागि अध्ययनमा जुटेको बताएको छ। नेपाल राष्ट्र बैंकका सह-प्रवक्ता डा.डिल्लीराम पोखरेलले अहिले राष्ट्र बैंकले छुट्टै टीम बनाएर भुक्तानी प्रणाली विभागको मातहतमा रहेर काम भइरहेको बताए। उनका अनुसार सन् २०२६ को अन्तिमसम्म डिजिटल करेन्सीको नमुना परीक्षण हुनेछ। 'हामी २०२६ भित्रै डिजिटल करेन्सी ल्याउन सकिन्छ कि भनेर अध्ययन गरिरहेका छौं, त्यसका लागि छुट्टै टिम अध्ययन गरिरहेको छ, यो बिचमा राष्ट्र बैंकले चाहेअनुसारको ऐन कानुनहरू संशोधन हुन सक्यो भने दुई वर्षभित्रै हामीले नमुना परीक्षण गर्न सक्छौं,' उनले भने।

सरकारले गत चैत ५ गते संसदमा 'बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३' संशोधनका लागि पेस गरेको थियो। सो विधेयकमा डिजिटल मुद्राको विषय पनि उल्लेख छ। उक्त विधेयकले डिजिटल मुद्रालाई स्वीकार गर्न तथा भुक्तानी दिइने विषय प्रस्ताव गरिएको छ। नेपालमा हुने डिजिटल कारोबारमा डिजिटल मुद्रालाई पनि स्थान दिने र वित्तीय संस्थाले डिजिटल मुद्राको कारोबार गर्न सक्ने व्यवस्था आवश्यक भएकोले उक्त प्रस्ताव गरिएको विधेयकमा उल्लेख छ।

डिजिटल करेन्सी ल्याउने नीतिगत व्यवस्था भएको भने लामो समय भएको छैन। नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिमार्फत् आफ्नै डिजिटल करेन्सी सार्वजनिक गर्ने घोषणा गरेको थियो। उक्त घोषणापछि राष्ट्र बैंकले अध्ययन थालेको थियो। राष्ट्र बैंकका निर्देशक अनुज दाहालको नेतृत्वमा राष्ट्र बैंकले ६ सदस्यीय डिजिटल करेन्सी अध्ययन समिति पनि बनाएको थियो। सो समितिले अध्ययन गरेर राष्ट्र बैंक समक्ष प्रतिवेदन पनि बुझाइसकेको छ। सो सो बेला सीबीडीसी परियोजनामा लागू गर्न सम्भाव्यता अध्ययन गरेको थियो।

सो समितिको प्रतिवेदनले नेपालमा डिजिटल करेन्सी सञ्चालनमा ल्याउन नयाँ कानून बनाउनु पर्ने वा हालको ऐन संशोधन गर्नु पर्ने देखाएपछि राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनलाई संशोधनको कार्य अगाडि बढाएको हो।

डिजिटल करेनसीको विषयमा राष्ट्र बैंकले अहिले विदेशी अभ्यास पनि अध्ययन गरिरहेको छ। 'हामीले विदेशी अभ्यास र उनीहरूले डिजिटल करेन्सीमा गरेको प्रगतिको विषयमा पनि अध्ययन गर्दैछौं, उनीहरूको अनुभव पनि हामीलाई चाहिन्छ, सबै अध्ययन भइसकेपछि हामीले डिजिटल करेन्सी सार्वजनिक गर्छौं,' पोखरेलले भने।

छिमेकी चीनमा औपचारिकरूपमै 'डिजिटल युवान' सञ्चालनमा आइसकेको छ। भारतले समेत आफ्नै डिजिटल करेन्सी ई-रूपे सञ्चालनमा ल्याइसकेको छ। यी दुवै देशले डिजिटल करेन्सीमा प्रभावकारी काम गर्दै आएका छन्।

स्रोतकाअनुसार राष्ट्र बैंकले आगामी आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिमार्फत् राष्ट्र बैंकले डिजिटल बैंक स्थापना गर्न सक्ने डिजिटल करेन्सीको विषयमा व्यापक नीति सार्वजनिक गर्न सक्नेछ। अहिले डिजिटल बैंक पनि बहसका रूपमा देखा परेको छ। राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत् नै डिजिटल बैंक खोल्न सक्ने गरी नीति बनाउन लागेको पनि बुझिएको छ।

'डिजिटल करेन्सी राष्ट्र बैंकले जारी गरेर वाणिज्य बैंकलाई वितरण गर्ने र त्यसबाट साधारणमा पुर्याउने विषयमा अहिले छलफल भइरहेको छ, यो व्यवस्था आगामी आर्थिक वर्षको मौद्रिक नीतिमार्फत् गर्ने कि भनेर पनि तयारी भइरहेको छ, तयारी सकियो भने नीतिगत व्यवस्था मौद्रिक नीतिबाट आउन सक्छ,' राष्ट्र बैंक स्रोतले भन्यो।

स्रोतकाअनुसार कहिलेसम्म नगदलाई पूर्णरुपमा विस्थापित गरेर पूर्णरूपमा डिजिटलाइज गर्न सकिन्छ भनेर छलफल हुन्छ, सोही आधारमा डिजिटल बैंक र डिजिटल करेन्सी सम्बन्धि थप नीतिगत व्यवस्था हुन्छ। प्रविधिको बढ्दो प्रयोगले डिजिटल करेन्सी प्रयोगमा ल्याउन पनि सहयोग पुग्ने राष्ट्र बैंकको भनाइ छ। डिजिटलरूपमा हुने चोरी-पैठारीको चुनौती थपेसँगै त्यसको समस्या समाधान गर्न राष्ट्र बैंकले डिजिटल करेन्सी ल्याउने भएको हो। अहिले विश्वका अधिकांश देशले डिजिटल करेन्सीमा खोज तथा अनुसन्धान गरिरहेका छन्।

कस्तो बन्छ डिजिटल बैंक ?

नेपाल राष्ट्र बैंकले डिजिटल बैंकको अवधारणा अगाडि सार्ने बहस सुरु भएसँगै यो कस्तो बैंक बन्छ भन्ने विषयले पनि प्राथमिकता पाएको छ। बैंकहरू बढी भनेर बिग मर्जरको नीति अगाडि सारेको राष्ट्र बैंकले डिजिटल बैंकको अवधारणा कसरी बनाउँछ भन्ने विषयलाई चासोका साथ हेरिएको छ।

राष्ट्र बैंककाअनुसार डिजिटल बैंकमा बैंकिङ सम्बन्धि सबै कार्य अनलाइनबाट नै हुन्छ। अहिले कायम रहेका बैंकले भौतिकरूपमा र विभिन्न शाखाहरू स्थापना गरेर सेवा दिइरहेको भए पनि डिजिटल बैंकले भने अनलाइनबाट सेवा दिनेछ। डिजिटल बैंकको कुनै शाखा पनि हुने छैन।

डिजिटल बैंकको सेवा लिन शाखा कार्यालय धाउन नपर्ने सह-प्रवक्ता पोखरेल बताउँछन्। उनले डिजिटल बैंक र डिजिटल बैंकिङ फरक भएको बताए।

'अहिलेका बैंकहरूले डिजिटल बैंकिङ सेवा दिइरहेका छन्, डिजिटल बैंक फरक हो,' डिजिटल बैंकमा निक्षेप संकलन र ऋण प्रवाहको काम अनलाइनबाट नै हुन्छ,' उनले भने।

# नेपालमा अभिव्यक्ति स्वतन्त्रतामा अंकुश

भक्तपुर/ एम्नेष्टी इन्टरनेशनलको अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाउने मुलुकको सूचीमा नेपाल पनि परेको छ। बुधवार विश्वभर एकसाथ सार्वजनिक गरिएको सन् २०२३ को मानव अधिकार अवस्था बारेको एम्नेष्टीको प्रतिवेदनमा सो कुरा उल्लेख छ।

विश्वका अन्य मुलुकहरुमा जस्तै नेपालमा पनि अभिव्यक्ति स्वतन्त्रता र अधिकार माग्न पाउने अधिकारमाथि अंकुश लगाउन खोजिएको भनी उल्लेख छ। यसैगरी नेपालमा पनि मानवअधिकारको अवस्था सन्तोषजनक नभएको जनाइएको छ। यसको आधारका रुपमा टिकटकमा प्रतिबन्धदेखि माइतीघर लगायतका क्षेत्रमा निषेधाज्ञा लगाइएको कुरा उल्लेख गरिएको छ। यसरी प्रतिबन्ध लगाउने कार्यले नागरिकको बोल्न पाउँने, अधिकार माग्ने कुरा कुण्ठित गर्न खोजिएको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ।

यसैगरी प्रतिवेदनमा विश्वमा बढ्दो द्वन्द्वले नागरिक चपेटामा परिरहेको पनि उल्लेख गरिएको छ। विश्वभर हत्या, हिंसा, दुर्व्यवहार, विभेद, दमन र गिरफ्तारीका घटनाहरु बढिरहेको उल्लेख छ। नेपालमा पनि नागरिकमाथि हुने दमन, हिंसा, दुर्व्यवहार र अधिकार माग्नेमाथि अत्यधिक बल प्रयोगका घटनाहरु भएको एम्नेष्टी इन्टरनेशनल नेपालका अध्यक्ष विपिन बुढाथोकीले जानकारी दिएका छन्।

यस्तै, न्याय माग्नेक्रममा मिटर ब्याजपीडितमाथि दमन, प्रहरी हिरासतमा भएका मृत्यु जस्ता मानव अधिकार उल्लंघनका घटनाहरुलाई प्रतिवेदनमा उल्लेख गरिएको छ। अर्कातर्फ सशस्त्र द्वन्द्वकाक्रममा भएका गम्भीर मानवअधिकार उल्लंघनका घटनाका पीडितहरुलाई न्याय पनि सरकार विफल भएको कुरा उल्लेख गरिएको छ।

एम्नेष्टी इन्टरनेशनलले हरेक वर्ष विश्वभर एकैसाथ प्रतिवेदन सार्वजनिक गर्दै आएको छ।

# श्रेष्ठले लायन्समा दिए उम्मेदवारी

दोलखा/लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ 'एल' को लायन वर्ष २०२४-२५ का लागि सेकेण्ड भाइस डिष्ट्रिक्ट गभर्नर पदमा उम्मेदवारी परेको छ। सो पदका लागि दोलखाका समाजसेवी एवं व्यवसायी मनकृष्ण श्रेष्ठले उम्मेदवारी दर्ता गराएका हुन्।

यहि बैशाख २२ गते पोखरामा आयोजना हुने डिष्ट्रिक्ट ३२५ 'एल' को दोस्रो महाधिवेशनमा उनी चुनिने बताइएको छ।श्रेष्ठलाई उनको मातृ क्लब लायन्स क्लब अफ काठमाडौं गौरीशंकरले उम्मेदवार बनाएपछि त्यस्तो अवस्था आएको हो। डिष्ट्रिक्ट गभर्नर नोमिनेसन कमिटीका अध्यक्ष एवं लायन्सका पूर्व डिष्ट्रिक्ट गभर्नर गौतममान श्रेष्ठलाई उनले उम्मेदवारी दरखास्त हस्तान्तरण गरेका छन्।

भीमेश्वर-३, दोलखाका स्थायी बासिन्दा श्रेष्ठ लायन्स अभियानमा एक दशकदेखि विभिन्न पदमा क्रियाशील रहँदै आएका बताइएको छ। लायन्स इन्टरनेसनलको विधि र विधान अनुसार श्रेष्ठले लायन्स क्लब अफ काठमाडौं गौरीशंकरमा क्लब प्रेसिडेन्ट र साविकको डिष्ट्रिक्ट ३२५ 'बी वन' मा जोन चेयरपर्सन, डिपार्टमेन्ट अफिसर, पिआरओ र क्लष्टर चीफको रुपमा जिम्मेवारी निर्वाह गरिसकेका बताइएको छ।

साविकको डिष्ट्रिक्ट ३२५ 'बी वन' बाट 'रिडिष्ट्रिक्टिङ' पछिको डिष्ट्रिक्ट ३२५ 'एल' मा पि. आर. ओ. इन चीफ र डिपार्टमेन्ट चीफका रुपमा तोकिएका जिम्मेवारीहरु सफलतापूवर्क सम्पन्न गरेको श्रेष्ठसँग अनुभव छ।




लायन्स इन्टरनेसनलबाट विभिन्न पदकहरु, अन्तर्राष्ट्रियस्तरका तालिमहरुमा सहभागिता र वर्ष लायन सदस्यका रुपमा धेरै पटक पुरस्कृत श्रेष्ठ पुरस्कृत भएका बताइएको छ। मानवीय सेवा, सामुदायिक तथा सामाजिक सेवामा अभिरुची भएका श्रेष्ठ ई-कमर्शको क्षेत्रमा समेत दख्खल राख्छन्। ग्रीन बिजिनेस हाउस प्रा. लि, ग्रीन टेक्नोलोजी प्रा. लि. र सुप्र आईटी प्रा.लि.का प्रबन्ध निर्देशक रहेका श्रेष्ठ सुकुटेमा रहेको ह्वाइट लीफ रिसोर्ट र इष्टकोष्ट होलिडे होटल प्रा. लि.का निर्देशक हुन्। यस्तै, सिन्धु विकास बैंक लि, ग्लोबल टेलिभिजन, ओमेगा इनर्जी डेभेलपमेन्ट प्रा.लि. र हाम्रो संगोल बिजिनेस प्रा.लि.का प्रबर्द्धकका रुपमा श्रेष्ठ रहेका छन्।

डिष्ट्रिक्ट ३२५ 'एल' का पूर्व डिष्ट्रिक्ट गभर्नर मणिश्री रत्न बज्राचार्य, फस्ट डिष्ट्रिक्ट भाइस गर्भनर सुमन भट्टलगायत लायन लिडरहरुले विजयका निम्ति श्रेष्ठलाई शुभकामना दिएका छन् ।नेपालमा लायन्स इन्टरनेसनलका ४ वटा डिष्ट्रिक्ट रहेकोमा दुई वर्षअघि 'रिडिष्ट्रिक्टिङ' पछिको डिष्ट्रिक्ट ३२५ अन्तर्गत १५ वटा डिष्ट्रिक्टहरु रहेका छन्। यस्तै, यी सबै डिष्ट्रिक्टहरु समावेश भएको एउटा मल्टिपल डिष्ट्रिक्ट रहेको छ।

# जर्मनीमा रन्जुको चित्रकला प्रदर्शनी

भक्तपुर/ मिथिला चित्रकार रन्जु यादवको एकल चित्रकला प्रदर्शनी जर्मनीको फ्रयान्कफर्टमा शनिबार सम्पन्न भएको छ। आफ्नो बहुदेशीय एकल चित्रकला प्रदर्शनीका लागि राष्ट्रिय ललितकला पुरस्कार विजेता यादव अहिले ३३ दिवसीय युरोप कला यात्रामा छिन्। उनले युरोपका जम्मा चारवटा देशको भ्रमण गरी एकल चित्रकला प्रदर्शनी गर्ने कार्यक्रम छ।

नेपाली समाज जर्मनीले फ्र्यान्कफर्टमा आयोजित नेपाल डेको अवसरमा एकल चित्रकला प्रदर्शनी आयोजना गर्न चित्रकार यादवलाई नेपालबाट आमन्त्रण गरेको थियो। नेपाली समाजले प्रत्येक वर्ष अप्रिल २० तारिखमा नेपाल डे मनाउँदै आएको छ। त्यस अवसरमा यादवका २४ वटा चित्रहरु प्रदर्शनीमा राखिएको बताइएको छ।

कार्यक्रममा चित्रकार यादवले नेपालमा मिथिला कलाको विकास, आफ्नो कला यात्रा र समाज रुपान्तरणमा आफ्ना चित्रहरुको प्रभावबारे कार्यपत्र प्रस्तुत गरेकी थिइन्। सो अवसरमा जर्मनीका लागि नेपाली राजदूत रामकाजी खड्काले चित्रकार यादवको चित्रकला प्रदर्शनीले नेपाली कला संस्कृतिको जर्मनीमा प्रवर्द्धन हुने र यसले फ्र्यान्कफर्टजस्तो अन्तर्राष्ट्रिय शहरमा नेपालको सांस्कृतिक कूटनीतिमा सघाउ पुग्ने विचार व्यक्त गरे।

नेपाली समाजका अध्यक्ष शिव अधिकारीका अनुसार जर्मनीका विभिन्न शहरबाट आएका करिब दुई सय ५० जना नेपाली र जर्मन नागरिककार्यक्रममा सहभागी थिए। त्यस अवसरमा राजदूत खड्का, चित्रकार यादव, फ्र्यान्कफर्ट शहरका मेयर कार्यालयका प्रमुखलगायतका विशिष्ट व्यक्तिहरुलाई उपस्थितिका लागि धन्यवाद दिइएको थियो।



नेपाल डेको अवसरमा नेपाल, युक्रेन र भियतनामका कलाकारहरुले गीत, संगीत र नृत्य प्रस्तुत गरेका थिए। एक जना बलिउड कलाकारले एउटा नेपाली गीतमाथि आफ्नो प्रस्तुति दिएका थिए।

सप्तर्षि पब्लिकेशन प्रा.लि.
Saptarshi Publication Pvt. Ltd.
Chabahil-7, Kathmandu, Nepal
9851120322, 9841800633
saptarshipub2080@gmail.com
Our Services:
All Kinds of Printing Solution.
छपाईको लागि: 9841263302, 9841475151

## विद्यार्थी र शिक्षकलाई उपयोगी पुस्तक

**भक्तपुर बहुमुखी क्याम्पस, दुधपाटी भक्तपुरमा लामो समयदेखि अर्थशास्त्र विषयमा सह प्राध्यापकको रुपमा अध्यापन गराउनु भएका गम्भीर बहादुर हाडाले विद्यार्थीहरुको हितको लागि बि.ए. र बि.एड.का अर्थशास्त्र विषयका विभिन्न पुस्तकहरु वृहस्पति पुस्तक प्रकाशन प्रा.लि.ले प्रश्नोत्तरको रुपमा प्रकाशित गरेको छ। सबै विद्यार्थी तथा शिक्षकलाई अत्यन्त उपयोगी पुस्तक खोजी खोजी पढ्नुहोला।**

**पुस्तकको नामहरू :**

- **अर्थशास्त्र शिक्षण विधि** (Method of Teaching Economics), **त्रि.वि.शिक्षाशास्त्र सङ्कायअन्तर्गत बि.एड. तेस्रो वर्ष** Eco.Ed. 432 **तथा** 439 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U. Solution, **बि.एड.तेस्रो वर्ष।**
- **शिक्षाको अर्थशास्त्र** (Economics of Education), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष** Eco.Ed. 424 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete T.U. Reference Book, **बि.एड. दोस्रो वर्ष।**
- **बृहत अर्थशास्त्र** (Macro Economics), **त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए. दोस्रो वर्षको** Eco- 423 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solution, **बि.एड. दोस्रो वर्ष।**
- **व्यवस्थापकीय अर्थशास्त्र र अर्थशास्त्र शिक्षामा अनुसन्धान** (Managerial Economics & Research in Economic Education), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. चौथो वर्ष** Eco Ed. 445 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.एड. चौथो वर्ष।**
- **आर्थिक विश्लेषण** (Economic Analysis), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. प्रथम वर्ष** Eco Ed. 416 **तथा** 418 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.एड. प्रथम वर्ष।**
- **नेपालको अर्थव्यवस्था** (Nepalese Economy), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष** Eco Ed. 422 **तथा** 428 **को नयाँ पाठ्यक्रममा आधारित** With Model Questions & Solutions, **बि.एड. दोस्रो वर्ष।**
- **सार्वजनिक वित्त** (Public Finance), **त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष** Eco 425 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष।**
- **शिक्षाको अर्थशास्त्र** (Economics of Education), **त्रि.वि. शिक्षा शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्.दोस्रो वर्ष** Eco. Ed. 424 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष।**
- **विकास र योजनाको अर्थशास्त्र** (Economics of Development & Planning), **त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत बि.एड्.दोस्रो वर्ष** Eco.Ed. 423 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष।**
- **मुद्रा, वित्तीय प्रणाली र अन्तर्राष्ट्रिय व्यापार** (Money, Financial System & International Trade), **त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष** Eco. 426 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. चौथो वर्ष।**
- **अनुसन्धान पद्धति र प्राज्ञिक लेखन** (Research Methodology & Academic Writing), **त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष** Eco. 427 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. चौथो वर्ष।**

# तस्करले धेरै, सरकारले थोरै चिनेको बुद्धचित्त

डा. मित्र पाठक

रोशी गाउँपालिका वडा नम्बर ५ नागबेलीस्थित रूख धनी शेरबहादुर तामाङको बारीमा रहेका बैना लिइएका रूख काटिएपछि बुद्धचित्त एक पटक फेरि चर्चामा छ। कुनै समय 'सुन भन्दा मूल्यवान् फल दिने बुद्धचित्त', एउटै रूखबाट १२ लाख कमाइ, एउटै रूखले दियो ३६ लाख आम्दानी आदित्यादि शीर्षकमा समाचार बन्ने बयर जातिको रूख हो बुद्धचित्त या बुद्धमाला।

धेरैको मनमा जिज्ञासा हुन सक्छ- अहिले कस्तो छ त व्यापार त्यस्तो बिरुवाको, खेती कहाँ कहाँ भइरहेको छ, आम्दानी कस्तो छ ? त्यही बिरुवाको बारेमा हालसम्म प्राप्त जानकारी दिने प्रयास हो यो आलेख।

वास्तवमा बुद्धचित्त वा बुद्धमालाको वासस्थानमै गएर त्यसको गहन अध्ययन गर्ने तथा उक्त समयमा संसारका लागि नयाँ प्रजाति व्याख्या गरी भगवान् बुद्धको नाममा समर्पित गरेर जिजिपस बुद्धेनसिस नामकरण गर्ने मध्येको मुख्य मान्छे यो पंक्तिकार पनि हो। त्यसैले यसको बारेमा लुकेका थोरै वैज्ञानिक तथ्यहरूलाई कृषक तथा जनतासामु पुऱ्याउनु आफ्नो दायित्व सम्झी यस प्रकाशन मार्फत अद्यावधिक गरिएको हो।

पौराणिक किंवदन्ती अनुसार भगवान् बुद्धले तीन ठाउँ छाडेका बिरुवामध्ये लुम्बिनी र नमोबुद्धमा त्यो बिरुवा मरेर गएको तर काभ्रेको तिमाल क्षेत्रमा भने यो बिरुवा बाँचेको र सोही बिरुवा बढेर त्यसबाट अरू बिरुवाहरू फैलिएको हो भन्ने जनमानस तथा स्थलगत अध्ययनबाट पत्ता लागेको थियो।

सन् २०१५ मा यो पंक्तिकार पीएचडी अध्ययनका लागि चीन पुग्दा चाइनिज एकेडेमी अफ साइन्स अन्तर्गतको छेन्दु इन्स्टिट्यूट अफ बायोलोजीको हर्बेरियममा बुद्धचित्त जस्तै नमूना भेटेर त्यसको र नेपालमा भेटिएको बुद्धचित्तको डीएनए तुलनात्मक अध्ययन गर्दा उस्तै भेटिएपछि यो बिरुवा १९७९ मै चाइनाबाट अर्कै नाम (जिजिपस सिआङजेनसिस) बाटै व्याख्या भइसकेको पाइएको थियो।

**कुन बिरुवा हो बुद्धचित्त ?**

बुद्धचित्तलाई झट्ट हेर्दा मयल जस्तै देखिने यो बिरुवा वास्तवमा बयर जातिको एउटा प्रजाति हो। वैज्ञानिक भाषामा जिजिपस जेनेरिक नामबाट चिनिएको यो बिरुवाको प्रजाति भने अहिले जिजिपस सिआङजेनसिस स्वीकार्य नामबाटै चिनिन्छ। नेपालबाट हामीले प्रस्ताव गरिएको नाम जिजिपस बुद्धेनसिस पर्यायवाची नामको रूपमा रहेको छ। सानो छँदा काँडा सहित झण्डै लत्रिन आँटेका लामा-लामा हाँगा हुने यसको बोट जब ठूलो हुँदै जान्छ, विस्तारै काँडा कम देखिन थाल्छ।

बढीमा यसको उचाइ ६ देखि ७ मिटरसम्म भेटिएको छ। यो वनस्पति सानो छँदा र ठूलो भइसकेपछि देखिने पातहरूको भिन्नता, रूखको प्रकृति र बीउमा पाइने रुद्राक्षको मुख जस्तो सुरहरू नै यसका अरू बयर भन्दा फरक गुणहरू हुन्। यो बिरुवा सामुद्रिक सतहबाट १२०० देखि २००० मिटरसम्म वनको आसपास फैलिएका जग्गा तथा पाखो बारीमा पाइएको छ। यो विगतदेखि नै थियो तर केही वर्षयता निकै चर्चा, चासो र बजारको समेत माग हुँदै आएको छ। यो बिरुवा के हो भन्ने सन्दर्भमा अध्ययन, अनुसन्धानको क्रममा काभ्रेपलाञ्चोक जिल्लाको तिमाल क्षेत्र र रामेछाप र दोलखा जिल्लाका केही स्थानहरूमा मात्रै भेटिएको छ भने चीनको सिचुवान प्रान्तको पश्चिमतिर खोला छेउछाउमा भेटिएको छ।

**उपयोग तथा आम्दानी**

यो बिरुवा विशेषगरी बौद्ध तथा हिन्दु धर्मावलम्बीहरूले प्रयोगमा ल्याएको पाइएको छ। चीनमा पाइने एक प्रकारको चराको आँखाको आकृति जस्तो देखिने मुख तथा सुरहरूको आधार र फलको दानाको आकारको आधारमा यसको १०८ दाने मालालाई केही हजारदेखि चार-पाँच लाखसम्म पर्ने गरेको छ भने बिरुवा ५०० देखि १ हजार र बिरुवा उमार्नका लागि किनिने बीउ पाथीको २६ हजारदेखि ५० हजारसम्म पर्थ्यो कुनै समय। दाना जति सानो फल्यो त्यसको मूल्य त्यति नै बढी हुने गर्छ। यसले गर्दा मुरीका मुरी फल्ने एउटै रूखबाट ३६ लाख कमाइ हुनु अनौठो थिएन। बयर जातिको भएकोले थोरै पानी पर्ने, सुख्खा, ग्रेगेटो र धेरै जसो रातो माटोमा यसको खेती राम्रो भएको पाइएको छ। रोपेको ३ देखि ४ वर्षबाटै फल दिन थाल्ने यो बिरुवालाई रोपेपछि त्यति स्याहार नभए पनि हुन्छ। खेती प्रविधिका लागि यसको बिरुवा रोपी अध्ययन कार्य जारी पनि छ।

चार पाँच वर्ष पहिला पत्र-पत्रिकामा यसको महत्वको बारेमा जानकारी बाहिर आइसकेपछि देशैभरि यसको व्यावसायिक खेती गर्ने लहर नै चल्यो। तिमाल क्षेत्र लगायत अन्य ठाउँमा पनि फल राम्रै फले र फल्ने क्रममा छन्। तर कोरोनाको बेला यसको व्यापार केही मत्थर भएको जस्तो देखिन्थ्यो। फलको व्यापारमा मुख्य भूमिका खेल्ने चीनमा बढेको कोरोना पनि यसको कारण हुन सक्छ। फलतः चाइनिज व्यापारीहरू तिमाल धाउन छाडेका थिए तर रूख काटिएको विवादसँगै अब फेरि एक पटक बुद्धचित्तले बजार तताएको छ।

**किन रुचाउँछन् चाइनिजहरूले बुद्धचित्त ?**

सन् २०१५ देखि २०१९ सम्म अध्ययनको सिलसिलामा चीनमा रहँदा जहाँ जहाँ पुगिन्थ्यो त्यहाँ त्यहाँ बुद्धचित्तको व्यापार बुझ्न यो पंक्तिकार झन्डै दश ठूला शहरका माला बजार र पसल घुमेको थियो कुनै बेला। ठूलो जनसंख्या कुनै धर्ममा पनि नबाँधिएको चाइनामा बुद्धचित्तको व्यापार कहाँ र किन भइरहेको होला भन्ने जिज्ञासा मेटाउनु थियो पंक्तिकारलाई। तर उत्तर पाउन सजिलो थिएन। थोरैले मात्रै प्रयोग गरेको भेटियो तर माला र रूखको बारेमा धेरै थोरै जानकारी भने धेरैलाई थियो। बुद्ध धर्म मान्नेले त ध्यान, जपका लागि प्रयोग गरेको देखिएको हो तर सोखले प्रयोग गर्नेको सङ्ख्या पनि कम छैन। साथमा पैसा प्रशस्त भएपछि आफ्ना देशमा पर्याप्त नपाइने बजारमा आएका नयाँ कुरा प्रयोग गरिहाल्ने चाइनिज सोखले पनि बुद्धचित्त र रुद्राक्ष जस्ता फलको व्यापार बढाउन सघाएको छ भन्न सकिन्छ।

यति हुँदाहुँदै पनि चीनका ठूला शहरमा अझै पनि कि त बुद्धचित्त मालाको उपस्थिति न्यून छ कि छँदै छैन। अर्कोतर्फ सिचुआन प्रान्तको केही ठाउँमा फाट्टफुट्ट पाइने बुद्धचित्तले ठूलो देश चीनको व्यापार धान्ने अवस्था पनि देखिँदैन। यो अर्थमा नेपालमा आउने केही वर्ष यसको व्यापार घट्ने अवस्था देखिँदैन तर चाइनाका केही ठाउँमा यसको खेती गरेको चाइनिज साथीहरूको संगतबाट जानकारीमा आएको छ।

यसो भन्दैमा सबैले यसैको खेती मात्रै गरेर भोलिका दिनमा बिक्री भएन भने कुनै बेला एलोभेराको व्यापारको अवस्था नआउला भन्न पनि सकिन्न। फेरि २०७२ सालपछि यो पंक्तिकार लगायतको टीमको खोजपछि, हल्लाखल्लापछि सुरु भएको बुद्धचित्तको खेती फल्न सुरु गरेकाले नेपालमा पनि यसको उत्पादन बढ्दो क्रममा छ। सल्यान र रुकुमका किसानले वनस्पति अनुसन्धान केन्द्र सल्यानमा मूल्य र बजारका बारेमा गरेको पटक-पटकको शोधखोजले पनि यो कुरा झल्किन्छ।

**अब के गर्ने ?**

हामीले विशेष खालको प्रविधिको माध्यमबाट यसको दिगो उपयोग गर्ने सन्दर्भमा ध्यान दिनुपर्दछ। यो दिगो आम्दानीको स्रोत बनोस्, यसको नर्सरीको विकास गरी नेपालको उपयुक्त ठाउँहरू कहाँ-कहाँ छन् त्यसको बारेमा समेत बृहत् अध्ययन, अनुसन्धान गर्ने, यसले जैविक महत्व तथा धार्मिक महत्व राख्ने विषयसँग पनि अध्ययन गरिनुपर्दछ। अबको अनुसन्धान यसको मूल्य बढी हुने सानो आकार र धेरै सुर वा मुख भएका गुणस्तरयुक्त फल बनाउने वा फलाउने सन्दर्भमा ध्यान पुऱ्याउनुपर्दछ। यसको रासायनिक तत्वहरूको अध्ययन अनुसन्धान गर्ने, यो दुर्लभ जस्तै भएकोले यसको सारतत्वको सन्दर्भमा नेपालमा भएको वैज्ञानिकहरू मात्रबाट सम्भव नहुन सक्छ। त्यसवेला विदेशीहरूलाई समेत ल्याई वा विदेशमा गएर विज्ञता हासिल गरेर पनि हामीले यसको प्रमोसन गर्नुपर्दछ। एउटा दुइटा बिरुवाले मात्रै पनि देशको अर्थतन्त्र चलायमान बनाएका थुप्रै उदाहरण छन् विश्वमा तसर्थ देशले नचिनेको बहुमूल्य बुद्धचित्त भन्ने दिन नआओस्। बेलैमा यसको बहुपक्षीय रूपमा ध्यान दिई यसको औषधीय गुण तथा अन्य गुणको सन्दर्भमा पनि कम्तीमा नेपाल सरकार वन तथा वातावरण मन्त्रालय एवं वनस्पति विभाग स्पष्ट हुनु नितान्त आवश्यक छ।

व्यापारको क्रममा कृषक तथा व्यापारीहरूले निकै सास्ती भोग्नु परेको खबर पनि बाक्लै सुनिन्छ यसतर्फ पनि सरकारी निकायहरूको तुरुन्त ध्यान जानु जरुरी देखिन्छ। किसानले फलाएका रूखको रक्षा गर्नु पनि सरकारको दायित्व हो। स्थानीय सरकार यसमा अझै चनाखो हुनुपर्छ। शीर्षकमा भनिए जस्तो गुण्डा र तस्करहरूले बढी चिनेको, सरकारले कमै चिनेको हुनुहुँदैन बुद्धचित्त। अन्त्यमा, समयको गतिसँगै बुद्धचित्त जस्तै फल दिने रुद्राक्ष तथा औषधिको रूपमा प्रयोग हुने बहुमूल्य हिमाली जडीबुटी एवं सुनगाभा तथा अन्य फल जाति र अमूल्य काठ दिने रक्तचन्दन, श्रीखण्ड, अगरउड जस्ता बिरुवाको पहिले व्यापक अनुसन्धान र त्यसपछि उपयोगमा नआएका वन छेउछाउमा जमिनमा व्यावसायिक खेती मार्फत किसानहरूलाई प्रविधि हस्तान्तरण गर्न सके यो देशको अर्थतन्त्रमा आर्थिक रूपले सम्भावना बोकेका वनस्पतिहरूको पनि केही हिस्सा अवश्य रहन्थ्यो।

घिउकुमारी र स्टेभिया जस्तै बिरुवाको नाममा नेटवर्किङ गर्नेहरूलाई निरुत्साहित गरी सरकारले आर्थिक महत्वका यस्ता वनस्पतिको पहिचान गरी भ्यालु एड गर्ने, किसानसमक्ष प्राविधिक ज्ञान, न्यूनतम मूल्यमा खरिद गरिदिने वा उत्पादनका आधारमा अनुदान दिने, जडीबुटी एवं बहुमूल्य वनस्पतिको बीमा गरिदिने, जडीबुटीको उपयोग हुने साना उद्योगमा प्रोत्साहन गर्ने नीति तथा कार्यक्रम लैजान र जनतासमक्ष लगिसकेका कार्यक्रमको दिगो कार्यान्वयनका लागि अब कत्ति ढिला गर्नुहुँदैन।

# डोल्पामा जेठ १० गतेदेखि यार्सा संकलन खुला

डोल्पा । हिमाली जिल्ला डोल्पामा आगामी जेठ १० गतेदेखि औपचारिकरुपमा यार्सागुम्बा सङ्कलन गर्न खुला गरिने भएको छ। प्रमुख जिल्ला अधिकारी तुलसिप्रसाद दाहालको अध्यक्षतामा जिल्ला सदरमुकाम दुनैमा बसेको सरोकारवालाको बैठकले यस्तो निर्णय गरेको हो। जिल्लामा रहेको शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज र डिभिजन वनको क्षेत्रमा यार्सागुम्बा सङ्कलन गर्न खुला गरिने प्रजिअ दाहालले जानकारी दिनुभयो।

बैठकले यार्सा सङ्कलन गरिने क्षेत्रमा सुरक्षाकर्मी परिचालन एवं स्वास्थ्य शिविर आयोजना गरिने निर्णयसमेत गरेको छ। प्रत्येक वर्ष डोल्पाका उच्च हिमाली क्षेत्रमा रहेका यार्सा सङ्कलन गर्न बीसौँ हजार सर्वसाधारण पुग्ने गर्दछन्। डोल्पाका यार्सा पाटन वन क्षेत्रमा भन्दा निकुञ्ज क्षेत्रमा धेरै पर्ने गर्दछन्।

यार्सागुम्बा सङ्कलन गर्न पाटन प्रवेशका लागि तीन प्रकारका प्रवेश अनुमतिपत्रको व्यवस्था निकुञ्जले गरेको छ। मध्यवर्ती क्षेत्रभित्रका बासिन्दालाई एक हजार, डोल्पा जिल्लाभित्रका बासिन्दालाई दुई हजार र जिल्ला बाहिरकालाई तीन हजार तोकिएको छ।

निकुञ्ज र वन क्षेत्रका यार्सा सङ्कलन गर्न लुकीछिपी अवैधरुपमा मानिसहरु जाने गरेका छन्। डोल्पामा वैशाखमै यार्सा उम्रिसक्ने भएकाले जुम्ला र डोल्पाका सर्वसाधारण सङ्कलन गर्न जाने बताइएको छ।

निकुञ्जले अवैधानिकरुपमा छिरेका ७५ जनालाई पक्राउ गरेर छोडिसकेको छ। शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत विश्वबाबु श्रेष्ठले निकुञ्ज क्षेत्रमा सेनाले नियमित गस्ती गरिरहेको बताउनुभयो। तोकिएको मितिभन्दा अगाडि पाटन प्रवेश गर्न खोज्ने जो कोहीलाई समातेर कानुनी कारबाही गरिने उहाँको भनाइ छ। डोल्पाली जनताको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको यार्सागुम्बा सङ्कलन गर्नका लागि छिमेकी जिल्ला रुकुम, जाजरकोट, सल्यान, जुम्लालगायतका जिल्लाबाट हजारौँको सङ्ख्यामा सर्वसाधारण पुग्ने गर्दछन्।

समुद्री सतहबाट तीन हजारदेखि पैँतीस सय मिटर उचाइसम्ममा यार्सा पाइने भएकाले ज्यानको बाजी लगाएर यार्सा टिप्न जानुपर्ने बाध्यता रहेको त्रिपुरासुन्दरी नगरपालिका-१ का ज्ञानबहादुर बुढाले बताउनुभयो। डोल्पामा यार्साको व्यावसायिक रुपमा सङ्कलन सुरु २०४० सालदेखि भएको हो। विसं २०७५ देखियता १२ जना यार्सा सङ्कलकले ज्यान गुमाएको जिल्ला प्रहरी कार्यालय डोल्पाले जनाएको छ।

शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जले यार्सा सङ्कलन इजाजत र छोड पुर्जी वितरणबाट प्रत्येक वर्ष न्यूनतम पचास लाखभन्दा धेरै राजस्व सङ्कलन गर्ने गरेको छ। अघिल्लो वर्षमात्रै छोडपुर्जी र सङ्कलन इजाजत वितरणबाट वितरणबाट निकुञ्जले रु दुई करोड तीन लाख राजस्व सङ्कलन गरेको थियो। सङ्कलकबाट बर्सेनि लाखौँ राजस्व उठाए पनि स्वास्थ्य बिमा भने गरिँदैन।

निकुञ्जले यार्सा टिप्नेबाट राजस्व मात्र लिने र जोखिमको प्रत्याभूति नगर्ने नगर्नु गलत भएको त्रिपुरासुन्दरी मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष चन्द्रमान सार्कीले बताउनुभयो। "जिल्लाका प्रत्येक गाउँमा यार्सा टिप्न पाटन जाँदा बर्सेनि धेरैले घर परिवार र अभिभावक गुमाएको अवस्था छ। उनीहरुको जीवनस्तर समेत दयनीय छ, मृतकका छोराछोरी पढ्न पाएका छैनन्। अभिभावक गुमाएकै कारण कलिलै उमेर बाल विवाह गर्न बाध्य छन्, राम्रोसँग खान पाएका छैन, धेरै पीडामा बाँचेका छन्", उहाँले भन्नुभयो। स्वास्थ्य बिमा भएको भए यार्सा सङ्कलन गर्न जाँदा ज्यान गुमाउनेलाई केहीन केही राहत हुने उहाँको भनाइ छ। डोल्पामा नेपालमै सबैभन्दा धेरै परिमाणमा र गुणस्तरको हिसाबमा राम्रो यार्सागुम्बा पाइने गर्दछ।

# राजदूत सुवेदी इटालीमा



भक्तपुर/ इटालीका लागि नेपालका गैरआवासीय राजदूत रामप्रसाद सुवेदीले इटालीका राष्ट्रपतिसमक्ष आफ्नो ओहोदाको प्रमाणपत्र प्रस्तुत गरेका छन्।

त्यसलाई ग्रहण गर्दै राष्ट्रपतिसेर्गियो माटारेलाले इटाली र नेपालबीचको सुमधुर सम्बन्धबारे चर्चा गरेका थिए। उनले दुवै मुलुकबीच आर्थिक तथा जनस्तरको सम्बन्ध विस्तारमा जोड दिएको भनी जेनेभास्थित नेपाली राजदूतावासले जनाएको छ।

सो अवसरमा राजदूत सुवेदीले राष्ट्रपति रामचन्द्र पौडेल तथा प्रधानमन्त्री पुष्पकमल दाहालका तर्फबाट राष्ट्रपति माटारेलाको व्यक्तिगत सुख, सुस्वास्थ्यका साथै इटालीका जनताको निरन्तर प्रगतिको कामना गरेका थिए। उनले नेपालको राजनीतिक, सामाजिक र आर्थिक विकासबारे जानकारी दिँदै वर्तमान सरकारका प्राथमिकता सम्बन्धमा राष्ट्रपतिलाई अवगत गराएका बताइएको छ।

Considering studying or working aboard?
Come to **Joy International Language Institute**
for all levels of
English and Spanish Language Classes
including **IELTS, PTE, TOEFL**
*Improve your conversation skills speaking with a native speaker.*
Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)
Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com




निर्माणका लागि हामीलाई सम्झनु होस्

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्। विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरुका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरु तान्ने कार्यहरुमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।

'तपाईहरुको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'

प्रविधि कन्स्ट्रक्सन प्रा.लि.
कृष्ण नगरकोटी
काठमाडौं - ११, काठमाडौं
सम्पर्क नं. ९८४१७२५६६२

## काँग्रेस ...

संसदमा तेश्रो ठूलो दल बनेको नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले मुलुकमा व्याप्त भ्रष्टाचार, महँगी र गरिबीलाई रोक्न नसकेपछि जनतामा व्यापक असन्तुष्टि बढेर गएको छ। प्रधानमन्त्री दाहालले सत्ता टिकाउने बाहेक कुनै परिणाममुखी कार्य गर्न नसकेपछि सत्ता समीकरणका लागि काँग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष खड्गप्रसाद शर्मा ओलीबीच पटक पटक संवाद र दोश्रो तहका नेताहरुबीच छलफल भै सहमति नजिक पुगेको समाचार श्रोतले जानकारी दिएको छ।

काँग्रेसले उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेमाथि लागेको सहकारी ठगीको आरोपबारे छानविन गर्न संसदीय समिति गठन गर्नुपर्ने भन्दै संसद अवरुद्ध गर्दै आइरहेको छ। गोदावरीमा सम्पन्न राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठकमा सहकारी ठगी काण्डमा निश्पक्ष अनुसन्धान हुनुपर्ने र पीडितले न्याय पाउनुपर्ने विषय पारित हुनुले गृहमन्त्री लामिछाने माथि छानविन हुने संकेत गरेको छ।

काँग्रेसले संसद चल्न नदिए सरकारको नीति तथा कार्यक्रम र बजेट पारित हुन सक्दैन। गृहमन्त्री लामिछानेमाथि छानविन समिति बन्नासाथ वर्तमान सत्ता खल्बलिने पक्का छ। अहिले नै गठबन्धन दलका नेता नेकपा (एस) का अध्यक्ष निहुँ खोजेर पाखुरा सुकिरहेको अवस्था छ। काँग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले पनि वर्तमान सरकारको आयु किटान गर्नु र नेपालको भूराजनीतिमा बढी चासो राख्ने छिमेकी देश भारतको दबाबमा पनि सत्तासमीकरण बदलिने अवस्थामा पुगेको छ।

सत्ता समीकरण फेरिएपछि एमाले अध्यक्ष ओलीले काँग्रेस सभापति देउवाबीच दूरी घटेको छ। जुन सत्ता समीकरण अघि ओलीले देउवालाई आफूसँग भेट्न गरेको प्रयास असफल बन्दै आइरहेको छ।

## हुलाकी ...

मेट्रो आयोजना सर्लाहीमा किरण कार्की, सडक डिभिजन धनुषाका अरुणलाल कर्ण, हुलाकी राजमार्ग वीरगञ्ज र हुलाकी वीरगञ्जका दीपक झालाई सडक डिभिजन धनुषामा सरुवा गरेको छ।

यसैगरी सञ्जय पन्थीलाई सडक विभागमा सरुवा गरिएको छ। बजेट नभएपछि हुलाकी सडक नेपालगञ्जका प्रमुख लीलाबहादुर भण्डारीले पनि सरुवा हुन खुट्टा उचालेका छन्। भण्डारी गत २०८० भाद्र २६ गतेको सरुवामा सिडीई सुमन योगेशलाई सरुवा गरी रोजेर हुलाकी सडक नेपालगञ्ज गएको समाचार श्रोतले बताएको छ।

यता, हुलाकी सडक आयोजनाका प्रमुख अजय मूलले परिणाम देखाउन नसकेपछि सरुवाको सूचीमा परेको जानकारहरुले बताएका छन्। हुलाकी सडक आयोजनाको प्रमुख बनेपछि सुई मूलले सिन्को समेत नभाँची हुलाकी सडकलाई गति दिन नसकेको बबरमहलमा चर्चा चल्ने गरेको छ। कार्य क्षमतामा अत्यन्त कमजोरको आरोप लागेका सुई मूल धूमपान र मद्यमानको भोगी रहेको हुलाकी सडककै कर्मचारीहरुले बताएका छन्। सरुवाको समय नभए पनि परिणाम देखाउन नसक्ने कर्मचारीहरुलाई मन्त्रीले भटाभट सरुवा गर्नुपर्ने चर्चा चलेको छ।

## अर्थसचिवमा ...

करिव सात महिनापछि विशेष अदालतबाट सफाई पाएका सचिव मरासिनी अर्थ मन्त्रालयको लामो अनुभव भएका विज्ञ सचिव हुन्। कर्मचारीको अवकाश हद ६० वर्ष नबनाइए मरासिनी १५ महिनापछि अवकाश हुने जानकारहरुले बताएका छन्।

यता, प्रधानमन्त्री कार्यालयमा सरुवा भएका सचिव कृष्णहरि पुष्कर कर्णलाई तात्कालिन अर्थमन्त्री प्रकाशशरण महतले रातो कार्पेट विच्छ्याएर अर्थ सचिवमा भित्र्याएका थिए। अर्थसम्बन्धी शून्य ज्ञान भएका पुष्कर काँग्रेस नेतृ आरजु राणाको र भारतीय दूतावासको दबाबमा अर्थमन्त्री महतले नचाहँदा पनि भित्र्याउन बाध्य भएको चर्चा चलेको थियो।

अघिल्लो पटक १२ जना सचिवहरुको सरुवा हुँदा पुष्करलाई बजेटपछि सरुवा गरिने चर्चा चलेको थियो। सचिवमा पुष्करलाई पटक्कै नरुचाएका अर्थमन्त्री वर्षमान पुनले नयाँ आ.व. २०८१/०८२ को बजेट आउन एक महिना बढी समय हुँदा सरुवा गरेका छन्। नयाँ आ.व. २०८१/०८२ को बजेट आगामी जेठ १५ गते आउँदैछ। अर्थमन्त्रालय यतिबेला बजेट निर्माणमा जुटेको छ।

यता, बजेटपछि अर्थसचिव बन्ने सपना देखेका सचिव अर्जुन पोखरेलका लागि अर्थसचिवमा मरासिनी आएपछि ढोका बन्द हुन पुगेको छ। पोखेल हाल तथ्यांक विभागमा कार्यरत छन्। सचिव पुष्कर भन्दा पोखेल अर्थ सम्बन्धी ज्ञान भएकाले तात्कालिन अर्थमन्त्री एव एमालेका अर्थमन्त्री विष्णु पौडेलले ल्याएका तोयम राय (हाल महालेखा परीक्षक) लाई सरूवा गरी अर्थमन्त्री महतले पोखरेललाई अर्थसचिव बनाएका थिए।

## गठबन्धन ...

खासगरी सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा एमालेले नेकपा एसका मूख्यमन्त्री दीर्घबहादुर सोडारीलाई असहयोग गरेपछि वैकल्पिक गठबन्धन बनाउन काँग्रेस सभापति शेरबहादुर देउवासँग छलफलमा सकृय रहेको जानकारहरुले बताएका छन्। एमाले अध्यक्ष ओलीले नेकपा एसका अध्यक्ष नेपाललाई वर्गशत्रु र दक्षिणपन्थी भन्दै कटाक्ष गर्दै आएका छन्।

अध्यक्ष नेपालले २० प्रतिशत सदस्यहरु लिएर पार्टी विभाजन गरेपछि ओली विक्षिप्त बन्दै आइरहेका छन्। नेपालका कम्युनिष्टहरु एक हुनुपर्ने राजनीतिक वृत्तमा बहस र छलफ चलेपनि ओली र नेपालको इगोका कारण सफल नहुने बताइएको छ।एसका मूख्यमन्त्री दीर्घ बहादुर सोडारीलाई असहयोग गरेपछि वैकल्पिक गठबन्धन बनाउन काँग्रेस सभापति शेरबहादुर देउवासँग छलफलमा सकृय रहेको जानकारहरुले बताएका छन्। एमाले अध्यक्ष ओलीले नेकपा एसका अध्यक्ष नेपाललाई वर्गशत्रु र दक्षिणपन्थी भन्दै कटाक्ष गर्दै आएका छन्। अध्यक्ष नेपालले २० प्रतिशत सदस्यहरु लिएर पार्टी विभाजन गरेपछि ओली विक्षिप्त बन्दै आइरहेका छन्। नेपालका कम्युनिष्टहरु एक हुनुपर्ने राजनीतिक वृत्तमा बहस र छलफ चलेपनि ओली र नेपालको इगोका कारण सफल नहुने बताइएको छ।

## उपचुनावको ...

दलहरुले गठबन्धन गर्नु हुँदैन भन्ने कुरालाई स्थापित गराउन कांग्रेसले चाहेको छ। यसलाई पुष्टी गर्नका लागि यो उपचुनावमा आफ्नो उम्मेदवारलाई विजयी गराउन सके निर्वाचन जित्न सरकारमै हुनुपर्छ भन्ने नहुने तथा एक्लाएक्लै उठ्दा पनि निर्वाचन नतिजा आफ्नो पक्षमा ल्याउन सकिने भन्ने कुरा कांग्रेसले स्थापित गर्न चाहिरहेको छ।

यसैगरी कांग्रेसले जातीय रुपमा उम्मेदवारले मत पाउने अवस्था आउनु लोकतन्त्रका लागि त्यति राम्रो नमानिने भन्ने कुरालाई स्थापित गराउन पनि चाहिरहेको छ। अल्पमतमा रहेका जातिबाट उम्मेदवार बने पनि दलगत आधारमा निर्वाचनमा जाँदा दलले मत पाई आफ्नो उम्मेदवारलाई विजयी बनाई लोकतन्त्रको सुन्दर पक्षलाई स्थापित गर्न भनी कांग्रेसले चाहेको देखिन्छ। यसैगरी जो जनतामा भिज्छ उसले जित्नुपर्छ भन्ने मान्यतालाई स्थापित गराउनका लागि पनि कांग्रेसले आफ्नो उम्मेदवार डम्बरबहादुर खड्काको विजयको चाहना गरेको देखिन्छ।

उता, आफू एक्लै लड्न सक्ने भन्ने कुराको धक्कु दिँदै हिंडेको एमालेलाई आफ्ना उम्मेदवारलाई जिताएर केही कुराहरुलाई पुष्टी गर्नुपर्ने चुनौती छ। पहिलो चुनौती भनेको पहिले आफू एक्लै लड्दा पनि नेम्वाङले विजयको माला पहिरिएका थिए, त्यसलाई स्थापित गर्न पनि एमालेले आफ्नो उम्मेदवारको विजयलाई देख्न चाहेको अवस्था छ। यसैगरी स्व.नेम्वाङको छोरा सुहाङ नेम्वाङलाई एमालेले उम्मेदवार बनाएको अवस्थामा आफ्नो नेताको छोरालाई उसको स्थानमा विजय गराउन सकेमा एमालेमा आफूलाई जसलाई उम्मेदवार बनाए पनि विजयी बनाउन सकिने भन्ने सन्देश दिन चाहेको अवस्था छ। स्व. नेम्वाङको राष्ट्रिय ख्याती थियो भने उनका छोरा भने अष्ट्रेलियामा अध्ययनरत विद्यार्थी हुन्।

यसैगरी गठबन्धनको विरोधमा रहँदै आएको भन्ने एमालेले परिस्थिति फरक हुँदा नेकपा (माओवादी केन्द्र) सँग पनि गठबन्धन गर्नु उचितै हुने भनी स्थापित गर्नुपर्ने अवस्था छ किनकि इलाममा माओवादी केन्द्रले एमालेका उम्मेदवारलाई साथ दिने निर्णय गरेको छ। भोलिका दिनमा सत्ता गठबन्धनलाई टिकाउनका लागि पनि माओवादी केन्द्रले साथ दिएको अवस्थामा एमाले विजयी हुन सक्छ भन्ने कुरालाई स्थापित गराउनका लागि पनि एमालेका लागि यो निर्वाचनमा विजयी बन्नुपर्ने भन्ने खालको मनोवैज्ञानिक त्रास उत्पन्न भएको देखिन्छ।

उता, माओवादी केन्द्र भनै चापमा देखिएको छ। अघिल्लो निर्वाचनमा करिब पाँच हजारको मत समानुपातिकतर्फ पाएको माओवादी केन्द्रले आफूले उम्मेदवारी नदिई सत्ता साझेदार एमालेसँग गठबन्धन गरी उम्मेदवारी दिएकाले गठबन्धनलाई निरन्तरता दिनका लागि पनि एमालेका उम्मेदवारलाई जिताउनुपर्ने चुनौती थपिएको छ। यसैगरी हरेक निर्वाचनमा अर्को दलका उम्मेदवारलाई समर्थन गर्ने निर्णय गरी आफ्नो दलबाट उम्मेदवार नै लडाउन नसकेको अवस्थामा आगामी दिनमा आफ्ना मतदातालाई कसरी आफ्नो पक्षमा राख्ने भन्ने ठूलो चुनौतीको सामना माओवादी केन्द्रका बीचमा रहेको छ।

माओवादी केन्द्रले आफूले उम्मेदवार नउठाएको अवस्थामा सत्तारुढ दलहरुले छुट्टाछुट्टै उम्मेदवार बनाएको अवस्थामा एमालेका उम्मेदवारलाई समर्थन गरेको निर्णय गरिदिँदा अन्य दलहरु माओवादी केन्द्रसँग रिसाएको बताइन्छ। नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय स्वतन्त्र पार्टी र जनता समाजवादी पार्टीले अन्यलाई उम्मेदवार बनाएको अवस्थामा माओवादी केन्द्रले एमालेलाई साथ दिई अन्य सत्ता साझेदार दलहरुप्रति सौतेनी व्यवहार गरेको आरोप पनि खेप्दै आउनु परेको छ।

यसैगरी कोशी प्रदेश नामाकरण भएको भनी पहिचानवादीहरु रुष्ट भैरहेको अवस्थामा पहिचानविरोधीको संज्ञा पाउने गरेका एमालेका अध्यक्ष खड्गप्रसाद शर्मा ओलीको उम्मेदवारलाई साथ दिएको भनी माओवादी केन्द्रका नेताहरु खासगरी अध्यक्ष पुष्पकमल दाहालमाथि प्रश्नहरु उठाइने गरिएका छन्। यस्तो अवस्थामा पहिचानवादी र पहिचानविरोधी भन्ने कुराको दोसाँधमा माओवादी केन्द्रलाई राखिएको भनी दाहालमाथि विभिन्न प्रश्नहरु उठाइने गरिएको छ।

उता, सबैभन्दा बढी संकटको अवस्थामा नेकपा (एकीकृत समाजवादी) रहेको बताइन्छ। एकीकृत समाजवादीका सम्मानित नेता एवम् पूर्वप्रधानमन्त्री झलनाथ खनालको जिल्लामा भैरहेको उपनिर्वाचनमा सो दलको अवस्था कस्तो देखिएला भनी सर्वत्र चासोका साथ हेरिएको छ। यसअघिको निर्वाचनमा एकीकृत समाजवादीको आफ्नो उम्मेदवार नभएको स्थितिमा समानुपातिकतर्फ करिब पाँच सय मत मात्र आएको थियो।

यस पटक सो क्षेत्रमा सत्ता गठबन्धनबाट साझे उम्मेदवारको रुपमा लड्न चाहेका खनालको दलले जितबहादुर राईलाई उम्मेदवार बनाएको छ। उनलाई विजय गराउने भनी कमाण्डरको रुपमा खनाल आफैं जिल्लामा सक्रिय रहेको स्थितिमा उनलाई जिताउनु पर्ने दबाबमा खनाल देखिएका बताइन्छ। यसैगरी एमालेबाट विद्रोह गरी एकीकृत समाजवादीको अध्यक्ष बनेका माधवकुमार नेपालका लागि आफ्नो दलको उम्मेदवारको विजय भन्दा पनि एमालेका उम्मेदवारको पराजय प्रतिष्ठाको विषय बनिरहेको भनी अधिवक्ता भवानीप्रसाद अधिकारी बताउँछन्।

उक्त उपचुनावलाई मिसन ०८४को मुख्य गन्तव्यको रुपमा हेरिरहेको अवस्थामा सत्तारुढ दलहरुकै अर्को दल राष्ट्रिय स्वतन्त्र पार्टीले ठूलो प्रतिष्ठाको विषय बनाएको छ। माओवादी केन्द्रमा क्रियाशील रहेका युवा मिलन लिम्बुलाई रास्वपाले उम्मेदवार बनाएको छ। अघिल्लो निर्वाचनमा प्रत्यक्षतर्फ एक हजार तीन सय तर समानुपातिकतर्फ करिब पाँच हजार मत ल्याएको रास्वपा यस पटक निकै नै लागिपरेको अवस्थामा छ। उसका लागि पनि निर्वाचन परिणामले भोलिको संकेत गर्ने अवस्था छ।

रास्वपाका उम्मेदवार विजयी भएको अवस्थामा उसले भने जस्तो मिसन ०८४ को लागि सहज यात्रा तय हुने अवस्था आउन सक्ने हुनसक्छ। यसैगरी पराजय भएको अवस्थामा उक्त दलले सोचेजस्तो हुन नसक्ने अवस्था आउने भनी यो चुनावले संकेत गर्ने भनी मान्न सकिने स्थिति रहन्छ। यसैगरी अन्य दलका उम्मेदवारलाई रास्वपाले चितवन र तनहुँमा भएका उपनिर्वाचनमा उम्मेदवार नै नठानेको अवस्थामा अन्य दल पनि कमजोर रहेनछन् भन्ने गरी बुझ्न रास्वपा पनि बाध्य हुने भनी चर्चा चलिरहेको छ।

यसैगरी इलाममा हुने उपनिर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, जनमत पार्टीले समेत आ-आफ्नै ढंगबाट उम्मेदवारी दिएको अवस्था छ। यस्तो अवस्थामा उनीहरुका लागि पनि यो निर्वाचन परिणामले भावी यात्राका लागि एउटा मार्ग देखाउने चर्चा चलेको बताइन्छ।

इलामको उपचुनावको सन्दर्भमा जति चर्चा राष्ट्रिय राजनीतिमा चलेको छ त्यसको तुलनामा बझाङमा भोलि हुने प्रदेशसभाको उपचुनावको चर्चा भने अलि कम देखिएको छ। प्रदेशस्तरमा बझाङको उपचुनावले आफ्नै महत्व पाए पनि राष्ट्रिय हिसाबले हेर्दा भने सो क्षेत्रमा राष्ट्रियस्तरका नेताहरुको चहलपहलमा भने कमी आएको बताइन्छ।

बझाङको प्रदेशसभाको उपचुनावमा कांग्रेसले यसअघि निर्वाचित उम्मेदवारका छोरालाई आफ्नो उम्मेदवार बनाएको छ। यसअघिको विरासतलाई जोगाउन कांग्रेसले धेरै नै मेहनत गरेको अवस्था छ। सो क्षेत्रमा रास्वपाको उम्मेदवार नरहेको तथा सत्तारुढ दलहरु सबैले नै उम्मेदवारी दिएको अवस्था छ। सत्ता गठबन्धनमा रहेका दलहरुका आ-आफ्नै उम्मेदवार रहेका कारण सो क्षेत्रको निर्वाचन परिणामले राष्ट्रियस्तर तथा सुदूरपश्चिम क्षेत्रको प्रदेश सरकारको गठन विघटनमा समेत प्रभाव पार्ने अवस्था देखिन्छ।

दुवैतिरको उपचुनावको अवस्थालाई ख्याल गरी हाम्रा संवाददाताले प्रेषित गरेको समाचारहरुको आधारमा ती क्षेत्रका मतदातामा उत्साह देखिएको छ। उनीहरु उपनिर्वाचनका माध्यमबाट आफ्नो नयाँ जनप्रतिनिधि छान्ने कार्यका लागि उत्साहित बनेर लागेको बताइएको छ।

यो निर्वाचनको परिणामलाई लिएर दलहरु भने सोचमग्न अवस्थामा देखिएका छन्। निर्वाचन परिणाम कस्तो आउने हो त्यसबाट मात्र मुलुकको मूल राजनीतिको यात्रा फेरि नयाँ ढंगबाट जाने अवस्था देखिएको बताइन्छ।

## सरकारी...

हेरेर बस्छन्, ट्राफिक प्रहरी। आम सर्वसाधारण ट्राफिक प्रहरी अल्छी भएको गुनासो गर्छन्। अधिकांश ट्राफिक प्रहरीलाई कानूनमा के व्यवस्था छ ? जानकारी छैन।

आफ्नो जिम्मेवारीअन्तर्गत के के पर्छन् भनी ट्राफिक प्रहरी नै अनविज्ञ छन्। 'दिन कटाउने र माना पचाउने' काम मात्रै उनीहरु गरिरहेका छन्। बिदाको दिन सरकारी गाडी चलाउन पाइँदैन, दुरुपयोग गर्न पाइँदैन भन्ने सर्वसाधारणलाई थाहा छ, ट्राफिक प्रहरीलाई थाहा छैन? जनताले तिरेको करबाट किनेको हो नि सरकारी गाडी।

इन्धन पनि जनताले खाइनखाई तिरेको करबाट खरिद गरिएको हो। सरकारी सम्पत्तिको दुरुपयोग गर्न कसैले पनि पाउँदैन। कानून कार्यान्वयन फितलो हुँदा सरकारी कर्मचारीले मनमौजी चलाएका छन्। यता, तलब खाईखाई ट्राफिक प्रहरी राज्यको सम्पत्ति दोहन भएको हेर्न दर्शक बनेका छन् ?

सरकारी कर्मचारी बिहान १० बजे कार्यालयमा हाजिर भइसक्नुपर्छ। बेलुकी ५ बजेसम्म उनीहरु कार्यालयमै हुनुपर्छ। काममा छिटो पुगोस् भनेर सरकारले सरकारी कर्मचारीलाई गाडी दिएको हो। यसले राज्यको ढुकुटीमा चाप मात्र परेको छ, उपलब्धि केही छैन्। १० बजे पुग्नुपर्ने कर्मचारी दिँउसो १२ बजे पुग्छन्।

५ बजेसम्म कुनै कर्मचारी कार्यालयमा भेटिँदैनन्। सबै टाप कसिसकेका हुन्छन्। कार्यालय समयमा दलाली गर्न पुग्छन्, कर्मचारी। कतिपय कर्मचारी शेयर र घरजग्गा दलाली छन्। कुनै आफ्नो व्यापार व्यवसाय सम्हाल्न पुग्छन्। कुनै जाँड खान दौडिन्छन् त कुनै राजनीतिक दलको कार्यक्रममा अतिथि बन्न।

सबै सरकारी कर्मचारीले राजनीतिक दलको झोला बोकेका छन्। बिहानबेलुका होइन्, कार्यालयसमयमै राजनीतिक गफ हाँकेर बसिरहेका हुन्छन्। जनताले करबाट तलबभत्ता खाने, पेन्शन खाने, खाजा खाने, सरकारी गाडी चढ्ने, लुगा लगाउने अनि कामचाहिँ राजनीतिक दलको गर्ने ?

यस्ताले छिटोछरितो सेवा देलान् भनेर सेवाग्राहीले सोच्नु बेकार छ। सरकारले छानबिन गर्ने हो भने कुन कर्मचारी कुन पार्टीको झोले हो ? छर्लङ्ग भइहाल्छ। खाने जनताको, काम गर्ने नेताको। सरकारी कर्मचारीबाट आम सर्वसाधारण वाक्कदिक्क भइसकेका छन्। कर्मचारीहरु भ्रष्टाचारी भए।

सबै सरकारी कार्यालय भ्रष्टाचारको अखडा बनेको छ। जसरी हुन्छ मालामाल बन्नेकै कर्मचारीको ध्यान छ। सरकारले सरकारी कर्मचारीलाई महिनावारी तलब दिन्छ। बैठक बसेको बेला खाजा र भत्ता पनि दिन्छ। तैपनि सरकारी कर्मचारीलाई पुगेको होइन। घुस खान्छन्।

सरकारी कर्मचारी एक नम्बरको 'चोर' भए। सरकारको पोशाक लगाएर यिनीहरुले चोरी गर्छन्। सामान किनेर ल्याउन पाएको हुँदैन, घरतिर दौडाइहाल्छन्। २० जना कर्मचारी बैठकमा उपस्थित भए भने ५० पोका खाजा मगाउने। अरु घरतिर लैजाने। २० लिटर पेट्रोल लाग्यो भने सय लिटरको बिल बनाउने।

मर्मतसम्भारमा हजार लाग्यो भने लाखको बिल बन्छ। यस्ता कर्मचारीलाई 'राष्ट्र सेवक' कर्मचारी भन्नु राष्ट्रमाथि नै घात हुँदैन् र ? जनताको काम गर्न राखेको कर्मचारीले जनतालाई नै देखी सहँदैनन्। अझै जनतासँगै घुस माग्छन्। यस्ता सरकारी कर्मचारीलाई सरकारले धमाधम कारबाही गर्नुपर्दैन?

सरकारी कर्मचारीका लागि निःशुल्क बीमाको व्यवस्था मिलाइएको छ। उपचारमा पनि छुट पाउँछन्। सामुदायिक विद्यालयमा छोराछोरी पढाउनुपर्ने भनेपनि निजीमा लगेर हालेका छन्। ऐनकानून सबै मिचेका छन्। सेवाग्राही एउटा सामान्य सेवा लिनका लागि दिनभर लाममा बस्छन्।

दिनदिनै सरकारी कार्यालय धाउँछन् तर कर्मचारीलाई मतलबै छैन। प्रायःजसो कुर्ची खाली नै हुन्छन्। तिनलाई भेट्नु छ भने सरकारी कार्यालय होइन, पार्टी कार्यालय जानुपर्छ किनकि उनीहरु अधिकांश समय त्यहीँ हुन्छन्। कतिपय सरकारी कर्मचारीले कार्यालयभित्र क्यान्टिन चलाएका छन्। त्यसबापत भाडा तिर्दैनन्। बत्तीपानीको पैसा पनि बुझाउँदैनन्। कामचाँहि क्यान्टिनमा गर्छन्, तलबचाँहि महिनैपिच्छे थाप्छन्। तलब लिने तर काम नगर्ने, यो पनि भ्रष्टाचार होइन् र ? सरकारले अब मासिक होइन्, घण्टाको हिसाबले तलब दिने व्यवस्था गर। सरकारी गाडी दिने व्यवस्था पनि हटाऔं।

तलब थापेका छन्। बसमा आऊन् कि हिंडेर, जनतालाई मतलब ! पोशाक किन दिनुपऱ्यो ? तलब पाएकै छन्, लुगा किन्न सक्दैनन् र ? जनताचाहिँ भोकभोकै मरेका छन्। रोजगारी नहुँदा दिनहुँ हजारौं नेपाली खाडी गइरहेका छन्। जनताचाँहि मरिरहने, अनि कर्मचारीचाँहि मोजमस्ती गरिरहने ?

विदेशी ऋण ल्याउँदै यिनीहरुलाई पाल्नुपरेको छ। जनताले तिरेको करले त धान्नै नसक्ने भैगो। अहिले विदेशी ऋण २७ खर्ब पुगिसकेको छ। त्यो त जनताले खाएका होइनन्। यिनीहरुले नै मिलीजुली खाएका छन्। चाहे बहालवाला होस् या भूपू, सबै सरकारी कर्मचारीको सम्पत्ति छानबिन गरौं।

राज्य र जनतालाई ठगेर निजी सम्पत्ति जोड्नेहरुलाई छोड्नुहुँदैन। सरकार लाचार हुँदा कर्मचारीहरुको ठग्ने मनोबल बढ्दै गयो। राजनीतिक दल र व्यापारीको सम्पत्ति पनि छानबिन गर्नुपर्छ। भ्रष्टाचार गरेर कमाएको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ र विदेशीको ऋण तिर्नुपर्छ।

यी कर्मचारीलाई सेवासुविधा दिएर देश बन्दैन। सेवासुविधा खातैखात हुँदा कर्मचारीहरुलाई मात लाग्यो। विदेशीबाट ऋण ल्याउँदै कर्मचारीलाई पोस्ने क्रम रोकौं। करारमा राखेका कर्मचारीहरु पनि हटाऔं। काम नै नगर्नेलाई किन पालिरहने ?

## रेशमको ...

कसरी व्याख्या गर्छ भनी सर्वत्र चासो उत्पन्न भएको छ।

थरुहट आन्दोलनका क्रममा एक नाबालक, एसएसपी लक्ष्मण न्यौपानेसहित आठजनाको ज्यान जानेगरी भएको टीकापुर घटनापछि चौधरी भूमिगत भएका थिए। पछि उनी २०७४ सालको निर्वाचन लडेर सांसद बने, तर टीकापुर घटनामा पक्राउ परेर कारागारमा भएकाले सांसदको रुपमा काम गर्न पाएनन् ।थुनामै रहेका चौधरीलाई संरक्षण बनाएर उनकी पत्नी रञ्जिता श्रेष्ठले नागरिक उन्मुक्ति पार्टी खोलेकी हुन्।

पार्टी सरकारमा गएपछि गत जेठमा सरकारले थुनामा रहेका चौधरीलाई आममाफी दियो र उनी थुनामुक्त भए। श्रेष्ठसँगको मनमुटाव उनी थुनामुक्त भएपछि झनै देखिन थाल्यो। यो कुरा महाधिवेशका क्रममा छताछुल्ल भयो। पार्टीको पहिलो महाधिवेशनले २०८० पुसमा चौधरीलाई पार्टीको अध्यक्षमा निर्वाचित गरेको थियो। महाधिवेशनले तात्कालीन अध्यक्ष रञ्जिता श्रेष्ठलाई जिम्मेवारीमुक्त गरी त्यसअघि पार्टीको संरक्षक रहेका चौधरीलाई नेतृत्वमा चयन गरेको थियो। सोही अनुसार निर्वाचन आयोगमा अद्यावधिक विवरण पेस गर्दा आयोगले चौधरी अध्यक्ष भएको सूचनालाई अस्वीकृत गरी पुरानै कार्यसमितिलाई मान्यता दिएको छ।

त्यसपछि आयोगको निर्णय खारेज हुनुपर्ने र आफूलाई अध्यक्ष कायम गरिनुपर्ने माग राखी चौधरी सर्वोच्च अदालतमा रिट निवेदनसहित पुगेका हुन्। आफूलाई समेत विपक्षी बनाइएको त्यही रिट निवेदनमा लिखित जवाफ पेस गर्ने क्रममा श्रेष्ठले चौधरी पार्टीको सदस्य हुन समेत योग्य नभएको जिकिर गरेकी हुन्।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४ मा समेत नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको व्यक्तिलाई दलको सदस्यता दिन नमिल्ने व्यवस्था रहेको कुरालाईश्रेष्ठले आयोगले गरेको निर्णय सदर हुनुपर्ने जवाफ लेखेकी छन्।

चौधरीलाई माफी मिनाहा दिने राष्ट्रपति रामचन्द्र पौडेलको निर्णय विरुद्धको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको पनि उनले स्मरण गराएकी छिन्। अर्कोतर्फ जन्मकैदको सजाय भई २५ वर्ष कैद तोकिएका चौधरीलाई कैद बस्नुपर्ने अवस्थाबाट सहुलियत मात्रै दिइएको दाबी पनि श्रेष्ठले गरेकी छिन्।'माफी भनेको दयाभावसँग जोडिएको विषय हो। अपराध गरेपश्चात व्यक्तिलाई सजाय हुँदाको वखत सृजना हुने अक्षमता भने यथावत रहन्छ।' भनी उनले पेश गरेको जवाफमा उल्लेख छ।

उनले आफू नागरिक उन्मुक्ति पार्टीको वैधानिक र संस्थापक अध्यक्ष रहेको भन्दै उनले चौधरीलाई अध्यक्ष बनाउने गरी भएको महाधिवेशनलाई कानून प्रतिकूल र विधानको व्यवस्था विपरीत रहेको जिकिर गरेकी छन्। उक्त मुद्दाको पेशी आज शुक्रबार तोकिएको छ।

## कांग्रेसको ...

संसदका हुने कुनै पनि मतदानमा उनी पनि सामेल हुन पाउने भएका हुन्। मनाङबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित सांसद गुरुङ २०७९ पुस १२ गते निलम्बनमा परेका थिए। गुरुङले फागुन २१ गते रिट दायर गरेका थिए।

पूर्वमन्त्री समेत रहेका गुरुङ मनाङका लोकप्रीय नेतामा पर्छन्। मुद्दा विचाराधीन रहेको अवस्थामै चुनावमा भाग लिंदा पनि उनी विजयी भएका थिए। उनले दुई हजार पाँच सय २५ मत पाई विजयी भएका थिए। उनका प्रतिद्वन्द्वीमा नेकपा (एमाले) पाल्देन छोपान गुरुङले दुई हजार दुई सय ४७ र राष्ट्रिय स्वतन्त्र पार्टीका मुख्या गुरुङले पाँच मत पाएका थिए।

टेलिभिजन/वासिङ मेसिन चाहिएमा

नेपाली बजारमा आफ्नै नेपाली पहिचान

टेलिभिजनको दुनियाँमा नेपाली अभियान

- नेपाली ग्राहकको चाहना हामी उचित मूल्यमा पूरा गर्दछौं।

काठमाडौं उपत्यका तथा वीरगञ्जमा जहाँ चाहियो त्यहीं

Abhiyan

अभियान डिजिटल वर्ल्ड प्रा.लि.

काठमाडौं

विष्णु काफ्ले (९८५१११७५७२)

# गौतम बुद्ध अवार्डको ग्राण्ड फिनाले सम्पन्न



काठमाडौँ/ गौतम बुद्ध म्युजिक एण्ड फिल्मस् अवार्ड-२०२४ को ग्राण्ड फिनाले शनिबार सम्पन्न भएको छ। 'अग्रजलाई सम्मान नयाँलाई प्रोत्साहन,मौलिक गीत संगीतको संरक्षण हाम्रो अभियान' भन्ने मूल नाराका साथ बि.एस.के.एक्टिभ नेपाल प्रोडक्सन प्रा.लि.ले सो फिनाले आयोजना गरेको थियो ।

प्रतिनिधिसभाका उपसभामुख इन्दिरा राना मगरले कार्यक्रमको उद्घाटन गरेकी थिइन् । यसैगरी विशिष्ट अतिथिको रुपमा पूर्व संस्कृति,पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री परशुराम तामाङ सहभागी थिए। सर्वोत्कृष्ट पप गीतको अवार्ड गायक सरगम राईले जितेकी छिन्। त्यस्तै पप गीतबाटै सर्वोत्कृष्ट मोडल पुरुषतर्फ शिरेश थापा,महिलातर्फ सुशीला तामाङ,शब्द रचनातर्फ रोजन लामा र सर्वोत्कृष्ट निर्देशकमा लोकेन्द्र तामाङले अवार्ड प्राप्त गरे।

त्यस्तै, लोक दोहोरीतर्फ सर्वोत्कृष्ट गायिकाको अवार्ड कमला थापा,सर्वोत्कृष्ट लोक दोहोरी (महिला) मोडलको अवार्ड रितु तामाङ र सर्वोत्कृष्ट लोक दोहोरी मोडल (महिला,पब्लिक च्वाइस) को अवार्ड नारायणीले जितेका छन्। यसैगरी सर्वोत्कृष्ट लोक दोहोरी गायकको अवार्ड रामहरि भण्डारीले हात पारे। गायक यमन खनालले सर्वोत्कृष्ट लोक दोहोरी गायक पब्लिक च्वाइसको अवार्ड प्राप्त गरे। सर्वोत्कृष्ट लोक दोहोरी कम्पोजरमा मदन नेपाली सुफिक्स,सर्वोत्कृष्ट लोक दोहोरी नव मोडलमा पुरुषतर्फ रामकुमार गजमेर, सर्वोत्कृष्ट देउडा गायकमा गोरबहादुर कार्की,सर्वोत्कृष्ट सालैजो गायिकामा पार्वती थापा र सर्वोत्कृष्ट सालैजो निर्देशकमा सीताराम रानाले अवार्ड प्राप्त गरे।

त्यस्तै, चलचित्रतर्फ सर्वोत्कृष्ट निर्देशक(तामाङ चलचित्रबाट)को अवार्ड राज किङ वाइवा (सुकबहादुर तामाङ)ले जितेका छन् । सर्वोत्कृष्ट नायकको अवार्ड( तामाङ चलचित्रबाट) सोनाम तामाङ र सर्वोत्कृष्ट नवनायिकाको अवार्ड संगीता तितुङले जितेका छन्। तामाङ चलचित्रबाटै सर्वोत्कृष्ट छायांकारको अवार्ड सन्चु थोकर तामाङलाई र सर्वोत्कृष्ट सहनिर्देशकको अवार्ड रेशमकुमार श्याउली तामाङलाई प्रदान गरिएको छ।

त्यसैगरी डिमा घेल लामा शेर्पाले शेर्पा गीतमार्फत सर्वोत्कृष्ट गायकको अवार्ड जिते। सेलो गीततर्फ सर्वोत्कृष्ट महिला मोडलको विजेता मनिका सिन्ताना तामाङ,सर्वोत्कृष्ट महिला नव मोडल यमुना मगर,सर्वोत्कृष्ट पुरुष नव मोडल उपेन्द्र खड्का,सर्वोत्कृष्ट पुरुष मोडल अमृत तामाङ,सर्वोत्कृष्ट शब्दकार लिलि योन्जन,सर्वोत्कृष्ट गायक जोगलाल तामाङ,सर्वोत्कृष्ट गायिका विपना तामाङ र सर्वोत्कृष्ट गायक प्रकाश वाइवाले अवार्ड प्राप्त गरेका छन्।

यस्तै, आधुनिक गीततर्फ प्रचण्डबाबु राईले सर्वोत्कृष्ट गायक,निता आचार्यले सर्वोत्कृष्ट गायिका,भीमबहादुर मगरले सर्वोत्कृष्ट गायक(नेपाली आइटम),प्रिति रिमालले सर्वोत्कृष्ट गायिका(पब्लिक च्वाइस),शंकर थापा स्माइलले सर्वोत्कृष्ट संगीतकार, कृष्ण क्षत्री(नेपाली मान्छे)ले सर्वोत्कृष्ट रचनाकार र गोविन्द सोनीले सर्वोत्कृष्ट ध्वनी मिश्रणको अवार्ड जितेका छन्।

यसैगरी म्हेन्दोमाया गीततर्फ रमेश गोम्जाले सर्वोत्कृष्ट गायकको अवार्ड जित्दा रिचा ब्लोनले सर्वोत्कृष्ट गायिकाको अवार्ड प्राप्त गरे। सर्वोत्कृष्ट नव गायिकामा सन्जु लामा,सर्वोत्कृष्ट मोडल महिलामा ममता तामाङ,सर्वोत्कृष्ट मोडल महिला( पब्लिक च्वाइस)मा सुनिता तामाङ,सर्वोत्कृष्ट महिला मोडल(जुरी अवार्ड) ननिता तामाङ,सर्वोत्कृष्ट नव गायिका(जुरी अवार्ड)मा मीना तामाङले अवार्ड हात पारे । यसैगरी सर्वोत्कृष्ट पुरुष मोडलमा दुर ब्रेब गुरुङ,सर्वोत्कृष्ट निर्देशकमा एम.बी. गुरुङ र सर्वोत्कृष्ट नवगायकमा सूर्य लामाले अवार्ड जितेका छन् ।

कार्यक्रममा गीत संगीत र चलचित्रमा योगदान पुऱ्याएका विभिन्न विधाका अग्रज कलाकारहरुलाई सम्मान गर्दै सम्मानपत्र वितरण गरिएको थियो। सम्मानित हुनेहरुमा लोकप्रिय गायक तथा संगीतकार यम बराल, रोहित अधिकारी,मर्नेन तामाङ,म्हेन्दोमाया गायक आरम्भ तामाङ, काले तामाङ, गायक उत्सव सुब्बा लामा,माधव भण्डारी,गोपाल दयाल,गायिका रमला पाख्रिन तामाङ,विशाल योन्जन तामाङ लगायत थिए।


खानेपानी संस्थान नेपाल २०४६

## नेपाल खानेपानी संस्थान

## धनगढी शाखाको अनुरोध

**खानेपानी महसुल नियमित रुपमा तिरी अतिरिक्त जरिवानाबाट बचौं ।**

– कार्यालय प्रमुख, धनगढी



## सडक डिभिजन दाङको सार्वजनिक सूचना

**सडक डिभिजन दाङको कार्य क्षेत्रमा निम्न राष्ट्रिय राजमार्गहरु रहेका छन्:**

- पूर्व पश्चिम (महेन्द्र) राजमार्गको धानखोला शिवखोला सडक (NHO1)
- हुलाकी राजमार्ग (NHO5)
- मदन भण्डारी राजमार्गको सल्यान खण्ड (NHO9)
- प्यूठान सुर्खेत सडक खण्ड (NH19)
- सितलपाटी सल्यान-कुभिण्डे वालुवा संग्रही (NH27) सडक
- भालुवाङ-गनाहा सडक खण्ड (NH53)
- शहिद मार्ग कोइलावास-लमही- घोराही (NH54)
- राप्ती राजमार्ग (NH55)
- रारा राजमार्ग (NH56)

**माथिका राजमार्गहरु तथा निर्मित पुल पुलेसाको संरक्षण गर्नु सडक डिभिजन दाङको प्रमुख जिम्मेवारी रहेकोले सडक सीमा र सम्पत्ति संरक्षण गर्ने कार्यमा सम्बद्ध सबैको सहयोग प्राप्त हुने अपेक्षा डिभिजनको रहेको छ ।**

–डिभिजन प्रमुख








## नेपाल राष्ट्र बैंकको अनुरोध

- बैंक तथा वित्तीय संस्थामा खाता खोली मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ जस्ता सेवा प्रयोग गर्दा वा मोबाइल वालेट प्रयोग गर्दा त्यसमा तपाईँको मोबाइल र फोन नम्बरको प्रयोग भएको हुन्छ । त्यसमा तपाईँको खातासम्बन्धी महत्वपूर्ण विवरण जोडिएका हुन्छन् ।
- यदि कुनै कारणवश तपाईँले आफ्नो मोबाइल नम्बर परिवर्तन गर्नुभयो र तपाईँको पुरानो नम्बर अन्य व्यक्तिको प्रयोगमा आयो भने तपाईँको खातासम्बन्धी महत्वपूर्ण विवरणमा अनधिकृत पहुँच पुग्न सक्ने जोखिम हुन्छ ।
- त्यसैले, आफूले प्रयोग गरिरहेको मोबाइल हराएमा वा चोरी भएमा वा मोबाइल नम्बर परिवर्तन भएमा बैंक तथा वित्तीय संस्था वा भुक्तानी सेवाप्रदायक संस्थालाई यथाशीघ्र जानकारी गराउनु पर्दछ ।
- मोबाइलमार्फत वित्तीय सेवाको प्रयोग गर्दा आफ्नै नाममा दर्ता भएको सिमकार्ड र आधिकारिक एप्लिकेशन मात्र प्रयोग गर्नुपर्दछ ।

**सजग भई डिजिटल वित्तीय सेवा प्रयोग गरौं ।**



## श्रमिकको अधिकार सुनिश्चित गरौं

- श्रम र श्रमिकको सम्मान गरौं ।
- श्रमको उचित मुल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं ।
- कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गरौं ।
- श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरौं ।
- मर्यादित श्रमको प्रवर्द्धन गरौं ।
- उद्योग प्रतिष्ठानमा सुरक्षित कार्यवातावरण सुनिश्चित गरौं ।
- श्रमिक र रोजगारदाताबीच सौहाद्रपूर्ण सम्बन्ध कायम गरौं ।
- श्रमिकको योगदानको कदर गरौं ।

**"श्रमको सम्मान, राष्ट्को अभियान"**

**अन्तराष्ट्रिय श्रमिक दिवस भव्य रुपमा मनाऔं ।**

नेपाल सरकार

## विज्ञापन बोर्ड


Chief-Editor/Publisher : **Koushal K. Bhattarai,** Editor : **Krishna Lamsal,** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**

Computer Designer: Roshan Gyeawali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu

Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**